# निसीखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## देविस्थान, बागलुङ, गण्डकी प्रदेश, नेपाल

# शैक्षिक योजना

## (Educational Plan)

## (२०८१/०८२ - २०८५/०८६)

विद्यालय सुशासन र व्यवस्थापन

जिम्मेवार स्थानीय सरकार

स्रोतपूर्ण र सिकाइमैत्री कक्षाकोठा

सुविधासम्पन्न विद्यालय




शिक्षामा समावेशिता

उच्च सिकाइ सक्षमता

प्रविधियुक्त शिक्षण सिकाइ क्रियाकलाप

परिश्रमी, उद्यमी र आत्मनिर्भर जनशक्ति

बालमैत्री शिक्षण सिकाइ (CFTL)

Green, Clean,

बालअधिकारको सुनिश्चितता

**"गुणस्तरीय र प्रविधियुक्त शिक्षा; निसीखोला बासीको अपेक्षा"**

## अध्यक्षको भनाइ

### शुभकामना

निसीखोला गाउँपालिकाले आ.व २०८१।०८२ देखि २०८५।०८६ सम्मको अवधिमा सम्पादन गर्ने गरी पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गरेकोमा अत्यन्त खुशी लागेको छ। शैक्षिक योजनाले अहिले हामी कहाँ छौं र कहाँ जान चाहन्छौं भन्ने कुराका बीच पुलको काम गर्दछ। आजको शिक्षालाई निश्चित समायवधि भित्र कस्तो बनाउने शैक्षिक गतिविधिहरुलाई कुन दिशा दिने र व्यक्ति र समाजको मागलाई कसरी सम्बोधन गर्ने भन्ने विषयहरु शिक्षा योजनामा समेटिन्छन्। निसीखोलामा विगत समयदेखि विभिन्न शैक्षिक गतिविधिहरु सञ्चालन भैरहेतापनि योजनावद्ध समयबद्ध र व्यवस्थित रुपमा सञ्चालन नभैरहेको परिप्रेक्षमा निसीखोलाको शिक्षालाई निश्चित दिशा तय गर्नका लागि यो अत्यन्त महत्वपूर्ण दस्तावेज बन्न पुगेको छ।यस योजना निसीखोला गाउपालिका बासीहरुको सुझाव र सल्लाहमा यहिका बौद्धिक व्यक्तित्वहरुबाट बनेको हुनाले यो थप मौलिक यथार्थपरक र व्यवहारिक छ भन्ने ठानेको छु । यसमा उल्लेख गरिएका शैक्षिक दुरदृष्टि लक्ष्य उद्देश्य रणनीति तथा परिमाणात्मक सूचकहरु प्रभावकारी ढंगले पुरा गर्नका लागि आवश्यक पर्ने नीतिगत, कानूनी र संरचनागत व्यवस्था एवं जनशक्ति तथा साधनस्रोतको कुनैपनि हिसाबले कमि हुन दिइने छैन भन्ने कुरामा म पूर्ण रुपमा विश्वस्त छु। शिक्षामा गरिएको लगानी कहिल्यै खेर जानेछैन र यसको दीर्घकालीन प्रतिफल समाजको रुपान्तरणका लागि आधारशिला हो भन्ने कुरालाई आत्मसात गर्दै गाउँपालिकाले यस क्षेत्रमा लगानी गर्ने कुरालाई प्राथमिकतामा राख्नेछ ।



अन्तमा यस पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माणका लागि अहोरात्र खट्नुहुने गाउँ शिक्षा शाखा प्रमुख लगायतका संपूर्ण कार्यदलका सदस्यहरु सहयोगी निकाय तथा व्यक्तिहरु सबै धन्यवादका पात्र हुनुहुन्छ। निसीखोला गाउँ शिक्षा योजना गाउँपालिकाको शैक्षिक विकासको मूल मार्गदर्शक दस्तावेज तथा आधारशिलाको रुपमा हामी सबैका लागि कोशेढुङ्गा सावित होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

सुर्य बहादुर घर्ती
गाउँपालिका अध्यक्ष
निसीखोला गाउँपालिका

## उपाध्यक्षको भनाई

निसीखोला गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाले निसीखोला गाउँपालिकाको ५ वर्षे शैक्षिक योजना प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ। शैक्षिक योजनाहरू कार्यान्वयन निकायको रुपमा रहेको शिक्षा, युवा तथा खेलकुद शाखा सबैका लागि शिक्षा पुऱ्याउन राज्यले गरेका प्रतिवद्धता पूरा गर्नका लागि हालसम्म गाउँपालिकाले हासिल गरेका उपलब्धिहरू र आगामी ५ वर्षमा पूरा गर्ने गरी तयार गरिएका लक्ष्यहरू समेटी ५ वर्षे शैक्षिक योजना निर्माण गर्नु अत्यन्तै सान्दर्भिक छ।




राज्यले शिक्षा क्षेत्रमा समावेश गरेका नीति तथा कार्यक्रमलाई उचित समयमा सम्पन्न गरी सहजरुपमा सेवा प्रवाह गर्न, कार्यक्रम कार्यान्वयन गर्न र गाउँपालिकाको शैक्षिक क्षेत्रलाई थप उचाईमा पुऱ्याउन शिक्षा, युवा तथा खेलकुद शाखाले अग्रणी भूमिका निर्वाह गरोस् भन्ने शुभकामना दिन चाहन्छु। प्रकाशन हुन लागेको गाउँपालिकाको ५ वर्षे शैक्षिक योजनाले यस गाउँपालिकाले हालसम्म गरेका र भविष्यमा गर्ने शैक्षिक गतिविधिका बारेमा शिक्षा क्षेत्रका सरोकारवाला सबैलाई आवश्यक जानकारी प्रदान गरी शिक्षाको विकासमा सघाउ पुऱ्याउने छ भन्ने विश्वास समेत लिएको छु। अन्त्यमा यस शैक्षिक योजना प्रकाशन तयारीमा विभिन्न रुपमा संलग्न सबैमा हार्दिक धन्यवाद साथै आगामी वर्षहरूमा समेत प्रकाशनको निरन्तरताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु।

२०८१ आश्विन

प्रेम बहादुर घर्ती मगर
उपाध्यक्ष
निसीखोला गाउँपालिका

# हाम्रो भनाइ



शिक्षा विकास र सभ्यताको जननी हो । चेतना र जागरण बिना सामाजिक रुपान्तरण संभव छैन । सामाजिक विकासको मेरुदण्ड भनेको दक्ष र उर्जाशील जनशक्ति हो जुन शिक्षाको माध्यमबाट मात्र संभव छ । शिक्षामा गरिएको लगानी दीर्घकालीन महत्वको हुन्छ । भनिन्छ "यदि तपाईँएक वर्षको योजना बनाउँदै हुनुहुन्छ भने धान रोप्नुस् यदि तपाई २० वर्षको योजना बनाउँदै हुनुहुन्छ भने रुख रोप्नुस् र यदि तपाई १०० वर्षको योजना बनाउँदै हुनुहुन्छ भने बालबालिकालाई उचित शिक्षा दिनुस्" अत: आजका बालबालिका भनेका यो देशका कर्णधार र देश विकास गर्ने सारथी हुन् । हामीले बालबालिकाको विकासका लागि पर्याप्त लगानी गर्नु जरुरी छ । आज विश्वमा जुन देशले शिक्षामा व्यापक लगानी गरेको छ सोही देश विकासको पथमा अग्रणी रहँदै आएको छ । अत: न्यून, मध्यम तथा उच्च स्तरका जनशक्ति उत्पादन शिक्षाले मात्र गर्न सक्छ । यसर्थ शिक्षाको योजनाबद्ध विकासबाट मात्र देशले काँचुली फेर्न सक्छ सभ्यताको जग बस्न सक्छ र आफ्नो भाषा संस्कृति र पहिचानको संरक्षण र संबर्द्धन हुनुका साथै सामाजिक एवम् आर्थिक विकास समेत हुन सक्छ । समग्रमा योजनाबद्ध र गुणस्तरीय शिक्षा विकासको मूल आधार हो ।

सामान्यतया योजनाले अहिलेको वर्तमान अवस्थाबाट हामी पुग्न चाहेको गन्तव्यको बीचमा सेतुको काम गरेको हुन्छ । निसीखोलाको शिक्षालाई निश्चित दिशा तय गर्न तथा गन्तव्य पहिल्याउनका लागि यो हामी सबैका लागि कोशेढुङ्गा सावित होस् भन्ने चाहनाका साथ यो दस्तावेज तयार गरिएको छ । यस पञ्चवर्षीय शिक्षा योजना निर्माणको क्रममा हामीले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरिएको शिक्षा क्षेत्र योजना, विद्यालय शिक्षा क्षेत्र योजना तथा शैक्षिक योजना निर्माणको कार्यढाँचालाई आधार मानिएको छ । यो योजना निर्माण गर्दा कुनै वाह्य व्यक्ति संस्था वा निकायबाट नभई नितान्त यहाँका सरोकारवाला व्यक्तिहरुद्वारा आफ्नै सहभागिता र सक्रियतामा निर्माण भएको हुनाले यस प्रति सबैको अपनत्व हुनु स्वाभाविकै हो । योजना निर्माण गर्ने क्रममा स्थानीय तहमा गठन भएको गाउँ शिक्षा समितिबाट आधिकारिक रुपमा योजना निर्माण कार्यदल गठन भई सोही कार्यदल मार्फत् तयार गरिएको छ । यसै क्रममा योजनामा समावेश गर्नुपर्ने मूलभूत विषयको अलावा यसका लागि जनअपेक्षा सामाजिक आवश्यकता र मागलाई सम्बोधन गर्ने गरी सरोकारवालाहरुबाट विभिन्न गोष्ठी सेमिनार अन्तरक्रिया तथा छलफलको माध्यमबाट पर्याप्त मात्रामा सुझाव तथा पृष्ठपोषण लिइएको छ । योजनाका उद्देश्य लक्ष्य तथा रणनीतिहरु र परिमाणात्मक सूचक निर्माण गर्ने क्रममा राष्ट्रिय शिक्षा योजनाका लक्ष्यहरुलाई पुरा गर्न मदत पुग्ने तथा सो सँग तादात्म्यता हुने गरी तय गरिएको छ । स्रोत व्यवस्थापनको कुरा सालबसाली रुपमा शिक्षामा भैरहेका खर्च शीर्षक तथा भविष्यमा बढ्न सक्ने संभावनालाई समेत मध्यनजर राख्दै संघीय, प्रदेश र स्थानीय तहका स्रोतहरुलाई नै आँकलन गरी प्रक्षेपण गरिएको छ । यस योजनामा परिलक्षित लक्ष्य र सोको लागि तय गरिएका कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षबाट साथ सहयोग र सहकार्य हुनेछ भन्ने विश्वास लिएका छौं । धन्यवाद ।

चन्द्रसिंह रामजाली
शिक्षा योजना निर्माण कार्यदल संयोजक
निसीखोला गाउँपालिका

मिति: २०८१ आश्विन ०७ गते

# निसीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### देविस्थान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

निसीखोला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले गाउँपालिकाको शैक्षिक योजना निर्माण गरी प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ।




मुलुकको सर्वाङ्गीण विकासको मेरुदण्ड मानिने शिक्षा क्षेत्रको विकासबाट मात्र दिगो विकास, सुख, शान्ति र समृद्धिको गन्तव्य हासिल गर्न सकिन्छ। मुलुकको विकासका लागि आवश्यक सबै प्रकारका स्रोत साधन र सम्भावनाहरूको पहिचान, प्राप्ति र समुचित प्रयोग दक्ष र असल नागरिकबाट मात्र सम्भव हुन्छ र यो सबैका लागि शिक्षा क्षेत्रको विकास आवश्यक पर्दछ। संविधानतः माध्यमिक तहसम्मको शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान भएको सन्दर्भमा आफ्नो शिक्षाको स्थानीयकरणका साथै विश्वव्यापीकरण र प्रविधिको वर्तमान युगमा विश्वमा बिक्ने र टिक्ने साथै नैतिकता र राष्ट्रियता आत्मसात गर्ने जनशक्तिको उत्पादन गर्न सक्ने शिक्षा पद्धतिको व्यवस्था गर्नु आजको आवश्यकता हो। हाल विकसित मानिने सबै देशहरूले मानव विकासमा गरेको लगानीको कारण नै सो उपलब्धी हासिल गरेको तथ्यलाई आत्मसात गरिनु पर्दछ। हाल विद्यमान शैक्षिक प्रणालीबाट सिर्जित शैक्षिक बेरोजगारहरूको सङ्ख्या न्यून गर्नको लागि विद्यालय तह देखि नै व्यावहारिक, सिपमूलक र प्राविधिक शिक्षाको व्यवस्था गरीनु आजको माग हो। यही तथ्यलाई आत्मसाथ गरी यस गाउँपालिकाले शिक्षा क्षेत्रमा यथोचित बजेट लगानी गर्दै आईरहेको छ।

यसरी शिक्षा क्षेत्रको विकास गर्न निसीखोला गाउपालिकाले विभिन्न शैक्षिक योजनाहरू तर्जुमा गर्न जरुरी छ। शैक्षिक नीति, कार्यक्रम तथा योजनाहरूलाई तथ्यपूर्ण र यथार्थपरक बनाउनका लागि र आगामी ५ वर्षमा शैक्षिक क्षेत्रमा थप सुदृढ गरी निसीखोला गाउपालिकाको शिक्षा क्षेत्रमा सुधार गर्नको लागि यस गाउँपालिकाको शैक्षिक योजना अपरिहार्य हुन्छ। निसीखोला गाउपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले शैक्षिक योजना अत्यन्त मेहनतका साथ निर्माण सम्पन्न गरेको हुँदा यस कार्यमा सहयोग पुर्याउने कर्मचारीहरु तथा सबै महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यसको पूर्ण सदुपयोग हुनेछ भन्ने विश्वास लिएको छु, साथै निरन्तर प्रकाशनको कामना पनि गर्दछु।

२०८१ आश्विन

जीवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत
निसीखोला गाउँपालिका



शिक्षा समाजको प्रतिविम्बन हो। शैक्षिक अवस्थामा आएको गुणस्तरीय परिर्वतन तथा उपलब्धीले समाज रुपान्तरणको अभियानलाई थप मजबुत बनाउदछ। समतामुलक तथा समावेशी समाज निमार्णका लागि आवश्यक महत्वपुर्ण सामाजिक आधारहरु मध्ये शिक्षा प्रमुख आधार हो। स्थानीय निकायमा रहेका शैक्षिक निकायहरुले समाजको प्रतिनिधित्व गरेका हुन्छन। कक्षा कोठामा हुने गुणस्तरीय शैक्षिक कृयाकलापहरुले भावि दिनमा निमार्ण हुने दक्ष मानववीय स्रोतका लागि आवश्यक आधार तयार पारिरहेको हुन्छ। तर्सथ शैक्षिक योजना निमार्ण तथा कार्यान्वयनले स्थानीय तहमा भइरहेका शैक्षिक कृयाकलापहरुको वास्तविक अवस्था बाहिर ल्याउन र सुधारका लागि आवश्यक कदम चाल्नका लागि सहयोग गर्दछ। सोही अवस्थालाइ सरलीकृत गर्नका लागि निसीखोला गाउँपालिकाले शैक्षिक योजना निमार्ण गरेको छ। यस शैक्षिक योजनाले शैक्षिक क्षेत्रको यथार्थ जानकारी आम सरोकारवालाहरुको वीचमा ल्याउने छ भन्ने अपेक्षा राखेको छु।

पुनश्चः शैक्षिक योजना निमार्णका लागि आवश्यक समन्वय तथा सहजीकरणका लागि निसीखोला गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, वि.ब्य.स. पदाधिकारी तथा शैक्षिक सरोकारवालाहरुलाई हृदयदेखिनै धन्यवाद दिन चाहान्छु। योजनाको एकीकृत रुप प्रस्तुत गर्ने प्रथम प्रयास र जमर्को रहेकोले यसमा भएका त्रुटिहरु औल्याई रचनात्मक सुझाव प्रदान गरिदिनुहुन अपेक्षा गर्दछु।

२०८१ आश्विन

विष्णु प्रसाद न्यौपाने
शिक्षा शाखा प्रमुख
निसीखोला गाउँपालिका

**सामाजिक विकास समिति, निसीखोला गाउँपालिका, बागलुङ**

**श्री शिक्षा, युवा तथा खेलकुद शाखा, निसीखोला गाउँपालिका, बागलुङ**

**लेखन :**

**शिक्षा युवा तथा खेलकुद शाखा**

**निसीखोला गाउँपालिक**


| | |
|---|---|
| **प्रकाशक** | : निसीखोला गाउँपालिका, बागलुङ |
| प्रकाशन प्रति | : |
| सर्वाधिकार | : प्रकाशकमा |
| मुद्रण | : |
| प्रमाणित मिति | : २०८१ |
| प्रकाशन मिति | : २०८१ |

**प्राविधिक परामर्श सेवा सहयोगः**

किरण विश्वकर्मा

युएसएआइडी प्रारम्भिक कक्षा सिकाइ, बागलुङ

## विषय सूची


| | |
|---|---|
| विषय प्रवेश | १ - ४ |
| परिचय | ५ - ७ |
| भौगोलिक अवस्थिति | ७ |
| जनसांख्यिक संरचना | ८ |
| विद्यालयको वर्तमान शैक्षिक अवस्था | ९ - १२ |
| शिक्षक तथा कर्मचारी विवरण | १२ -१३ |
| पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था | १४ - ७ |
| पालिकाको शैक्षिक समस्या, चुनौती र अवसरहरु | १७- २१ |
| नयाँ शिक्षा योजनाले समेट्ने पक्षहरु | २२ -२३ |
| दुरदृष्टि, उद्देश्य, रणनीति, उपलब्धि र लक्ष्य | २४ -३२ |
| **शिक्षाका मुख्य उपक्षेत्र** | **३३-८७** |
| प्रारम्भिक बालबिकास र शिक्षा | ३३ -४० |
| आधारभूत शिक्षा | ४१- ५३ |
| माध्यमिक शिक्षा | ५४- ६७ |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ६८- ७९ |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | ८०- ८७ |
| **अन्तरसम्बन्धित विषय क्षेत्रहरु** | **८८-१७४** |
| पाठ्यक्रम र मूल्याङ्कन | ८८-१०३ |
| शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन | १०४-११४ |
| शैक्षिक समता र समावेशिकरण | ११५- १२६ |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १२७-१४२ |
| विद्यालय सुरक्षा,विपत न्यूनिकरण तथा उत्थानशीलता | १४३-१५३ |
| विद्यालय भौतिक पूर्वाधार विकास | १५४-१६३ |
| शिक्षामा सूचना प्रविधि | १६४-१७४ |
| **सुसासन तथा व्यवस्थापन** | **१७५** |
| शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता | १७५-१८४ |
| स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १८५-१९१ |
| लगानी र स्रोत व्यवस्थापन | १९२-२०२ |
| योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया | २०२-२०४ |
| योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन | २०४ |
| **अनुगमन तथा मुल्याङ्कन** | **२०५- २१६** |
| अनुसूचीहरु | २१७-२२७ |

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ५ वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण गरिएको हो ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ ।यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ठ) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि
ण) गाउँपालिकाका विभिन्न नीति तथा कार्यक्रमहरू

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ।शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो। योजना आफैंमा निर्मित हुने होइन ,यसलाई निर्माण गर्नुपर्छ ।त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो । विगतको अनुभव वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ।यो गाउँ शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

- क) शिक्षा योजना निर्माणको आवश्यकता पहिचान
- ख) शिक्षा योजना निर्माणका लागि गाउँ कार्यपालिका मार्फत निर्णयः
- ग) शिक्षा योजना निर्माणका लागि गाउँभाबाट बजेट विनियोजनः
- घ) अनुसूची १ अनुसारको २०८१ असोज ०३ गते शिक्षा योजना निर्माण समिति गठन,
- ङ) मिति २०८१ असोज ०६ गते पालिका स्तरीय सरोकारवालाहरूको सुझाव सङ्कलन कार्यशाला सम्पन्न,
- च) मिति २०८१ असोज ०६ गते शिक्षा योजना लेखन समितिको गठन,
- छ) मिति २०८१ असोज ०७ गते शिक्षा योजना लेखन कार्यदल मार्फत शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयारी गरिएको थियो,
- ज) मिति २०८१.... गते शिक्षा योजनाको पहिलो मस्यौदा माथि सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषण कार्यशाला आयोजना मार्फत सरोकारवालाको सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।
- झ) मिति २०८१ .. गते सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषण समावेश गरी शिक्षा योजनाको अन्तिम करण गरिएको थियो ।
- ञ) शिक्षा योजनाको अन्तिम मस्यौदालाई बाह्य विज्ञ मार्फत लेखाजोखा तथा मूल्याङ्कन गरिएको थियो ।

मिति २०८१ माघ २६ गते गाउँ कार्यपालिका मार्फत शिक्षा योजनाको स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

### ६. योजनाको लेखाजोखा

निसीखोला गाउँपालिका शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ ।

### ७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहले यस योजनाको स्वरूपलाई अनुसूची ।।।बमोजिमको ढाँचामा आधारित भई तयार गरिएको छ । अनुसूचीमा योजनासंग सम्बन्बिध ढाचा प्रस्तुत गरिएको छ ।

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

राष्ट्रको विकास, समृद्धि र सुशासनको आधार शिक्षा हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी उसलाई रोजगारीको अवसर प्रदान गर्दछ र मर्यादित एवं सम्मानजनक जीवन जिउन सहयोग गर्दछ । मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणको आधार शिक्षा भएकाले नेपालको संविधानले शिक्षालाई नेपाली नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतीहरूमा शिक्षालाई नेपाली नागरिकका आधारभूत आवश्यकताका रूपमा स्थापित गरेको छ । सबै नेपाली नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउने राज्यको दायित्व रहेको कुरा संविधानले स्पष्ट पारेको छ । नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क  तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेकोछ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्ने हक समेत संविधानले प्रत्याभूत गरेको छ ।

समृद्ध नेपाल सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणमा मानव संसाधनको भूमिका महत्त्वपूर्ण रहन्छ । मानव संसाधन विकासको आधार शिक्षा नै हो । निसिखोला गाउँपालिकाको आर्थिक स्रोत र साधनको समुचित परिचालन गरी अवसरहरूको सृजना गर्न शिक्षा सम्बन्धी योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयन गर्नमा समेत शिक्षाले नै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । निसिखोला गाउँपालिकाको दीर्घकालीन सोच सभ्य र भव्य नेपालको सुन्दर गाउँ, समृद्ध र सु-संस्कृत निसिखोला गाउँपालिकालाई साकार पार्न समेत निसिखोला गाउँपालिकाको आफ्नै शिक्षा सम्बन्धी योजना अपरिहार्य छ । नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, नेपाल सरकारको शिक्षा नीति, गण्डकी प्रदेशको शिक्षा नीति एवं निसिखोला गाउँपालिकाकोको दीर्घकालीन सोच, निसिखोला गाउँपालिकाको शिक्षा सम्बन्धी नीति, एवं कोभिड-१९ ले शिक्षा क्षेत्रमा पारेको असर समेतलाई सम्बोधन हुने गरी निसिखोला गाउँपालिकाले पञ्च वर्षे) २०८१-२०८६ (सम्म शिक्षा क्षेत्रको शिक्षा विकास योजनालाई अगाडी बढाएको छ ।

निसिखोला गाउँपालिकाले तयार गरेको यस पञ्च वर्षे) २०८१-२०८६ (शिक्षा क्षेत्रको योजनाले संघीय सरकार र प्रदेश सरकारबाट निसिखोला गाउँपालिकालाई प्राप्त हुने स्रोत र साधनको समुचित प्रयोग गरी नपुग स्रोत र साधन आन्तरिक स्रोतबाट व्यवस्थापन गरी सन् २०२२ सम्म नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट विकाशोन्मुख राष्ट्रको सूचीमा समावेश गराउने र सन् २०३०

सम्म दीगो विकासको लक्ष्य बमोजिम समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँचको अवसर सबै गाउँबासीमा पुर्याउन सहयोग पुग्ने छ ।

## १.२ परिचय

नेपालको मध्य भागमा अवस्थित गण्डकी प्रदेशको ११ जिल्लाहरु मध्ये बागलुङ जिल्लाको पश्चिमी भागमा अवस्थित निसीखोला गाउँपालिकाका एक ऐतिहासिक गाउँपालिका हो । बागलुङ जिल्लाको पश्चिम भेगमा पर्ने साविक ४ वटा गाविसहरु राजकुट, देविस्थान, बोहरागाउँ र निसीखोला समावेश गरी निसीखोला गाउँपालिका गठन गरिएको हो ।जस अन्तर्गत साविकको देविस्थान गाविस हालको वडा नं १ र २ साविकको बोहरागाउँ हालको वडा नं ३ र ४ साविकको निसी गाविस हालको वडा नं ५ र ६ र साविकको राजकुत गाविस हालको वडा नं ७ रहेको छ ।

२०७८ सालको राष्ट्रिय जनगणना बमोजिम निसीखोला गाउँपालिकाको कूल जनसंख्या २३११९ मध्ये महिला १२५५९ र पुरुष १०५६० रहेको छ । त्यसैगरी निसीखोलामा कूल घरसंख्या ५६३५ रहेको छ । त्यसैगरी निसीखोलाको कुल क्षेत्रफल २४४.३७ वर्ग किमी र जनघनत्व ९५ प्रति वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकाको पूर्वमा ढोरपाटन नगरपालिका, पश्चिममा रोल्पा जिल्ला, उत्तरमा ढोरपाटन शिकार आरक्ष र रुकुम पूर्व तथा दक्षिणमा बडिगाड गाउँपालिका र प्युठान जिल्ला रहेका छन् ।

| नयाँ वडा | वडाको नाम | क्षेत्रफल | जनसङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १ | देविस्थान | २९.५९ | १८७० | १५०५ | |
| २ | बाह्रखर्क | १२.०६ | २०६१ | १७४३ | |
| ३ | उन्नेचौर | २८.६५ | १७२२ | १४५५ | |
| ४ | झिवाखोला | २४.७५ | १६३५ | १४०६ | |
| ५ | निसी | ४७.७२ | १९७४ | १६०३ | |
| ६ | सिर्माबाङ | ८०.४ | १८९२ | १६९७ | |
| ७ | राजकुट | २१.२ | १४०५ | ११५१ | |
| जम्मा जनसङ्ख्या : २३,११९ (जनगणना २०७८) | | | | | |
| जम्मा घरधुरीः ५६३५ | | | | | |

| |
|---|
| जम्मा क्षेत्रफलः २४४.३७ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट*

**निसीखोला गाउँपालिकाको सिमानाः**

यस गाउँपालिकाको पूर्वमा ढोरपाटन नगरपालिका, पश्चिममा रोल्पा जिल्ला, उत्तरमा ढोरपाटन शिकार आरक्ष र रुकुम पूर्व तथा दक्षिणमा बडिगाड गाउँपालिका र प्युठान जिल्ला रहेका छन् ।




## १.२.१ भौगोलित अवस्थितिः

विश्व मानचित्रमा हेर्दा निसीखोला गाउँपालिका भौगोलिक हिसाबले २८° १६' ३०" उत्तरी अक्षाँशदेखि २८° २८' ४२" उत्तरी अक्षाँशसम्म र ८२° ५२' ४६" पूर्वी देशान्तरदेखि ८३° १०' २४" पूर्वी

देशान्तरसम्म रहेको छ । पश्चिम नेपालको मध्य पहाडी क्षेत्रमा रहेको समुन्द्र सतहबाट ८८९ देखि ४००० मिटर सम्मको उचाइमा रहेको छ ।

निसीखोलामा कूल जनसंख्याको ३०.०६  प्रतिशत भन्दा बढी आदिवासी जनजातीहरु रहेका छन् । कूल जनसंख्यामा सबैभन्दा बढी मगर-३०.०६ प्रतिशत, विश्वकर्मा-२९.०६प्रतिशत, क्षेत्री-१६.२३ प्रतिशत, ब्राम्हण-६.८२ प्रतिशत, ठकुरी-६.१८ प्रतिशत, परियार-४.२ प्रतिशत, गुरुङ-१.८६ प्रतिशत छन्त्याल-१.१६ प्रतिशत, तामाङ-१.६१ प्रतिशत, नेवार-०.८९ प्रतिशत  र अन्य १.९३ प्रतिशत जातजातीहरुको बसोबास रहेको छ ।यस गाउँपालिकामा बसोबास गर्ने बहुसंख्यक व्यक्तिहरुको मातृभाषा नेपाली रहेको छ । यस बाहेक मगरखाम तामाङ छन्त्याल मगरभाषा पनि केहि मात्रामा देखिएका छन् ।नेपाली-८३.७४ प्रतिशत, मगर खाम-१३.९३ प्रतिशत, तामाङ-१.५ प्रतिशत, छन्त्याल-०.१५ प्रतिशत, मगर-०.३९ प्रतिशत र अन्य-०.२९ प्रतिशत रहेका छन् ।

निसीखालाको मूल पेशा कृषि नै हो । अन्य पेशामा व्यापार व्यवसाय पर्यटन वैदेशिक रोजगारी सरकारी तथा गैरसरकारी सेवा आदि पर्दछन् । मूल कृषिमा कोदो, धान, मकै, गहुँ, जौ, फापर, आलु, सेमी, भट्मास आदि पर्दछन् । यसका लागि सिंचाइ सुविधा उपलब्ध भएका स्थानहरुमा पर्याप्त उत्पादन हुन्छन् । निसीमा फलफूलमा केरा, सुन्तला, नासपति, बेलौती स्याउ अंगुर किवी भोगटे मौसम मुख्य नगदेबालीको रुपमा रहेका छन् । हाल निसीखोलामा कुखुरापालन, बाख्रापालन, बेमौसमी तरकारी खेती व्यवसाय फस्टाउँदै गएको छ । अन्य व्यवसायहरुमा फर्निचर, ब्लक उद्योग, इट्टा उद्योग, फलाम तथा ग्रील उद्योग, पसल र होटल व्यवसाय क्रमशः वृद्धि भैरहेको छ । बैंक तथा वित्तीय संस्थामा प्रभु बैंकले निसीखोलामा सेवा दिइरहेका छन् ।

## १.२.२ पालिकाको जनसांख्यिक संरचना

| वडा नं. | परिवार संख्या | जनसंख्या | पुरुष | महिला | परिवारको आकार | लैगिंक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ८७२ | ३३७५ | १५०५ | १८७० | ३.८७ | ८०.४८ |
| २ | ९५० | ३८०४ | १७४३ | २०६१ | ४ | ८४.५७ |
| ३ | ७७९ | ३१७७ | १४५५ | १७२२ | ४.०८ | ८४.४९ |
| ४ | ७३९ | ३०४१ | १४०६ | १६३५ | ४.१२ | ८५.९९ |
| ५ | ८७६ | ३५७७ | १६०३ | १९७४ | ४.०८ | ८१.२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ८२१ | ३५८९ | १६९७ | १८९२ | ४.३७ | ८९.६९ |
| ७ | ५९८ | २५५६ | ११५१ | १४०५ | ४.२७ | ८१.९२ |
| **जम्मा** | **५६३५** | **२३११९** | **१०५६०** | **१२५५९** | **४.१** | **८४.०८** |

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कूल जनासंख्या २३३०० रहेको छ । उक्त जनसंख्यामध्ये महिलाको संख्या १२७४५ रहेको छ भने पुरूषको जनसंख्या १०५५५ रहेको छ ।

गण्डकी प्रदेश अन्तरगत बागलुङ जिल्लाका १० स्थानीय तह मध्येको एक निसीखोला गाउँपालिका साविकका ४ गा.वि.स हरु (देवीस्थान, बोहोरागाउँ, निसी र राजकुत) मिलेर ७ वटा वडाको एउटा गाउँपालिका बनेको छ। समुन्द्रि सतहबाट ८८९ देखी ४००० मिटर सम्मको उचाईमा फैलिएको यस गा.पा. को कुल क्षेत्रफल २४४.३७ वर्ग कि.मी. रहेको छ । पुर्वि देशान्तर ८२ डिग्री ५३ मी देखी ८२३ डिग्री १० मी र उत्तर अक्षाशं २८ डिग्री २८ मी देखी २८ डिग्री १७ मी मा फैलिएको यस गाउँपालिकाको कुल जनसङ्ख्या २३,३०० र कुल घरधुरी ४,८९३ रहेको छ ।

**निसीखोलाको वर्तमान शैक्षिक अवस्था :**

**विद्यालयको विवरणः**

निसीखोला गाउँपालिकाका शैक्षिक संस्थाहरुको विवरण यसप्रकार रहेको छ ।

| क्र सं | विद्यालय शिक्षण संस्थाको प्रकार | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र | ५३ | ० | ५३ |
| २ | आधारभूत विद्यालय (कक्षा १-३) | ८ | ० | ८ |
| ३ | आधारभूत विद्यालय (कक्षा १-५) | २३ | ३ | २६ |
| ४ | आधारभूत विद्यालय (कक्षा १-८) | ७ | ० | ७ |
| ५ | माध्यमिक विद्यालय (कक्षा ९-१०) | ५ | ० | ५ |
| ६ | माध्यमिक विद्यालय (कक्षा ११-१२) | ४ | ० | ४ |

| | | | | |
|---|---|---|---|---|
| ७ | प्राविधिक शिक्षालय | १ | ० | १ |
| ८ | सामुदायिक कलेज | ० | ० | ० |
| ९ | सामुदयिक | १ | | |
| | जम्मा | १०१ | ३ | १०४ |

स्रोतःEMIS-२०८१

निसीखोलामा ४५ सामुदायिक र ३ संस्थागत गरी कूल ४८ वटा विद्यालयहरु रहेका छन् । कक्षा ११-१२ सञ्चालित विद्यालयहरु सामुदायिक ४ वटा तथा कक्षा ९-१० सञ्चालित विद्यालयहरु ५ वटा रहेका छन् । कक्षा १-८ सञ्चालित विद्यालयहरु ७ वटा रहेका छन् भने कक्षा १-५ सञ्चालित विद्यालयहरु २४ वटा रहेका छन् । त्यसैगरी निसीखोलामा एकवटा बोहरागाँउ सामुदायिक सिकाइ केन्द्र, एकवटा ज्ञानेन्द्र माध्यामिकमा प्राविधिक शिक्षालयहरु रहेका छन् । त्यसैगरी निसाखोलामा हेल्थपोष्टको संख्या १० रहेको छ ।

## १.५.२ जातिगत र तहअनुसार विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरूको सङ्ख्या

आधारभूत तह कक्षा १-५

| क.स | विद्यालय | कक्षा बाल विकास | | | कक्षा -१ | | | कक्षा — २ | | | कक्षा - ३ | | | कक्षा - ४ | | | कक्षा - ५ | | | कक्षा १-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| **कुल जम्मा** | दलित | २६७ | २०६ | ४७३ | २२२ | १८२ | ४०४ | १५७ | १३२ | २८९ | १५० | १३६ | २८६ | १४२ | १७३ | ३१५ | १३० | १३४ | २६४ | ८०१ | ७५७ | १५५८ |
| **३४३७** | जनजाति | १८६ | १६९ | ३५५ | १५७ | १४६ | ३०३ | ९८ | १०५ | २०३ | ९३ | ९४ | १८७ | ७० | ९२ | १६२ | १०० | ९६ | १९६ | ५१८ | ५३३ | १०५१ |

माध्यमिक तह कक्षा ६-१२

| क.स | विद्यालय | कक्षा - ६ | | | कक्षा — ७ | | | कक्षा — ८ | | | कक्षा ६ - ८ | | | कक्षा — ९ | | | कक्षा - १० | | | कक्षा - ११ | | | कक्षा - १२ | | | कक्षा ९ — १२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| **कुल जम्मा** | दलित | ९९ | १११ | २१० | ८९ | १०७ | १९६ | ८६ | ११९ | २०५ | २७४ | २३७ | ६११ | ५७ | ७९ | १३६ | ४१ | ५८ | ९९ | १७ | २१ | ३८ | २४ | ३१ | ५५ | १३९ | १८९ | ३२८ |
| **१८८९** | जनजाति | ९२ | १०५ | १९७ | ८८ | ८७ | १७५ | ९३ | ९४ | १८७ | २७३ | २८६ | ५५९ | ७६ | ८७ | १६३ | ४८ | ८८ | १२६ | १५ | १९ | ३४ | ३४ | २४ | ५८ | १७३ | २१८ | ३९१ |

स्रोत : EMIS २०८१

**अपाङ्गता भएका विद्यार्थी विवरणः**

| कक्षा/तह | जम्मा विद्यार्थी | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | ६ | ० | ६ |
| कक्षा १-३ | ० | ४ | ४ |
| कक्षा ४-५ | ४ | ८ | १२ |
| कक्षा ६-८ | १० | ८ | १८ |
| आधारभूत तह १-८ | २० | १६ | ३६ |
| कक्षा ९-१० | ६ | ० | ६ |
| कक्षा ११-१२ | २ | ४ | ६ |
| माध्यमिक तह ९-१२ | ८ | ४ | १२ |

EMIS-2081

तहगत रुपमा अपाङ्गता भएका विद्यार्थी आधारभूत तहमा ३६ रहेका छन भने माध्यामिक तहमा जम्मा १२ जना रहेका कुरा माथि तालिकामा राखिएको छ ।अपाङ्गता भएका विद्यार्थीको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ

### १.५.३ शिक्षक विवरण

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र. सं. | तह | अस्थायी / करार | स्थायी | पालिका | राहत | शिक्षण सिकाइ अनुदान | प्राविधिक | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बालविकास केन्द्र | २१ | ० | ३२ | ० | | | ५३ | |
| २. | आधारभूत तह (१-५) | ३६ | ११८ | ४० | ३४ | ० | | २२८ | |
| ३. | आधारभूत तह (६-८) | ० | १२ | २९ | ८ | ६ | | ५५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | माध्यामिक तह(९-१०) | १ | ६ | १० | ८ | १० | | ३५ | |
| ५. | माध्यामिक तह(११-१२) | ४ | ० | ० | ० | ० | | ४ | साधारण |
| ६. | माध्यामिक तह(११-१२) | ० | ० | | ० | ० | ८ | ८ | प्राविधिक |
| | **जम्मा** | **६२** | **१३६** | **१११** | **५०** | **१६** | **८** | **३८३** | |

स्रोत : EMIS २०८१

**विद्यालय कर्मचारीहरुको विवरण :**

| **क्र.सं.** | **तह** | **स्विकृत दरबन्दी** | **पालिका अनुदान** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|
| **१** | **विद्यालय सहायक (लेखापाल)** | **६** | **३** | **९** | |
| **२** | **विद्यालय सहयोगी** | **४४** | **-** | **४४** | |
| **जम्मा** | | **५०** | **३** | **५३** | |

**साक्षरताको अवस्थाः**

निसीखोलाको कूल जनसंख्याको ७२.० प्रतिशत साक्षर रहेको छ । जसमा महिला-६५.६ प्रतिशत र पुरुष-७९.८ प्रतिशत साक्षर रहेको छ । यस सम्बन्धी थप विवरण यसप्रकार छ

| **क्र सं** | **क्षमता** | **पुरुष** | **महिला** | **जम्मा** |
|---|---|---|---|---|
| १ | पढ्न र लेख्न सक्ने | ७४०५ | ७४८७ | १४८९२ |
| २ | पढ्न मात्र सक्ने | १७५ | २८२ | ४५७ |
| ३ | पढ्न र लेख्न नसक्ने | १६९२ | ३६२८ | ५३२० |
| ४ | साक्षरता नखुलेको | १० | १५ | २५ |
| ५ | ५ वर्ष भन्दा माथिको जनसंख्या | ९२८२ | ११४१२ | २०६९४ |
| ६ | साक्षरता दर | ७९.८% | ६५.६% | ७२.०% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्थाः**

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बाल विकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९१.४ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवदन |
| | | प्रदेश | १००.७ | फ्ल्यास प्रतिवेदन | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ९९.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| १.२ | प्रारम्भिक बाल विकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९१.४ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवदन |
| | | प्रदेश | ७९.० | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ७०.६ | | फ्ल्यास प्रतिवदन |
| १.२ | प्रारम्भिक बाल विकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवदन |
| | | प्रदेश | ८२.२ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ७६.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६.२ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फयास प्रतिवेदन |
| | | प्रदेश | ९४.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ९५.७ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११३.९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फयास प्रतिवेदन |
| | | प्रदेश | ११३.१ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ११५.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फयास प्रतिवेदन |
| | | प्रदेश | ९५.४ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९५.६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३६.४ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ११७.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | १२४.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८८.५ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ८७.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८८.४ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ७५.५ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.७ | आधारभूत तह (कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | १.७३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.८ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.४ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ९५.१ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ९५.२ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १२५.६ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ११९.० | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | १२१.६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.१० | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८७.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | | प्रदेश | ८४.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.११ | आधारभूत तहको कक्षा १मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर*(%) | स्थानीय | ८१.० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ८४.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.१२ | आधारभूत तह( कक्षा१-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.२० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ०.९९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | राष्ट्रिय | १.०० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| २.१४ | विद्यालय बाहिर रहेका बालबालिका *(%) — आधारभूत तह( कक्षा१-५) | स्थानीय | | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ५.१ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ४.३ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | आधारभूत तह( कक्षा१-८) | स्थानीय | | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ४.९ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ४.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| २.१५ | आधारभूत तह (कक्षा १-८) अध्ययनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | | स्थानीय | २६.० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | प्रदेश | ५८.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ५६.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ४५.४ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ८६.० | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ८३.८ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ०.९६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| | | राष्ट्रिय | ०.९६ | फ्ल्यास प्रतिवदन २०८० | फ्ल्यास प्रतिवदन |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्यास प्रतिवेदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |

## १.३ पालिकाको शैक्षिक समस्या, चुनौती र अवसरहरू

### १.३.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू

राष्ट्रिय शैक्षिक समस्या तथा चुनौतीहरुसँग निसीखोलाको शैक्षिक अवस्था पनि मेल खान्छ । विशेषतः निसीखोला सामुदायिक विद्यालयका बालविकास केन्द्रहरुलाई स्रोतपूर्ण आकर्षक र बालमैत्री बनाउन सकिएको छैन । शैक्षिक गुणस्तर अपेक्षाकृत रुपमा वृद्धि हुन सकिरहेको छैन ।अधिकांश कक्षा र विषयमा विद्यार्थीको औसत सिकाइ उपलब्धि (सिकाइ सक्षमता) पचास प्रतिशत भन्दा न्यून रहेको देखिन्छ । विद्यार्थी भर्ना भएपछि बीचैमा कक्षा छाड्ने दर घटाउनु पर्नेछ । कक्षा शिक्षणलाई प्रविधिमैत्री बनाउन सकिएको छैन । शिक्षकहरुलाई आधुनिक सूचाना प्रविधिसँग परिचित र दक्ष बनाउन सकिएको छैन । कतिपय विद्यालयहरुमा सुशासनको प्रत्याभूति दिलाउन सकिएको छैन । विद्यालय शिक्षामा सबै सरोकारवालाहरुलाई सामुहिक दायित्वबोध, जिम्मेवार र

जवाफदेही बनाउन सकिएको छैन । परीक्षा प्रणालीलाई एकरुपता र स्तरीय बनाउन जरुरी छ । उपलब्ध साधन र स्रोतको समुचित प्रयोग र व्यवस्थापन गर्नुपर्ने अवस्था छ । विपन्न, सुविधाविहिन, लैङ्गिक समानता, समता, पहुँचगुक्तता र जेहेन्दार विद्यार्थीहरुलाई थप सुविधा उपलब्ध गराएर शिक्षामा समतामुलक पहुँचको लागि अनुकुल वातावरण निर्माण गर्नुपर्ने अवस्था छ । विद्यालयहरुमा विषयगत जनशक्तिको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ । शिक्षक वर्गको थप पेशागत क्षमता विकास तथा मनोबल वृद्धि गर्नुपर्ने अवस्था छ । पछिल्लो समयमा सामुदायिक विद्यालयहरुमा क्रमशः विद्यार्थी संख्या घट्दै गइरहेको छ । यसले गर्दा सरकारी र समुदाय स्तरबाट भएको लगानीको समुचित प्रयोग हुन सकिरहेको छैन ।

विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरिएको छ :

१. प्रारम्भिक बालशिक्षा विद्यालय शिक्षाको संरचनामा समावेश गरिएको भए तापनि सबै विद्यालयमा सङ्घीय अनुदानको बालविकास केन्द्र स्थापना हुन नसक्नु ।
२. गुणस्तरीय प्रारम्भिक बालशिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न नसकिनु ।
३. भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल गर्न नसक्नु
४. माध्यमिक शिक्षा पुर्ण रूपमा निःशुल्क हुन नसक्नु।
५. सबै विद्यालयमा सूचना प्रविधिको न्यूनतम पहुँच सुनिश्चित गर्न नसकिनु।
६. तहगत तथा विषयगत शिक्षक दरबन्दीको कमी हुनु।
७. स्थानीय तहबाट शिक्षामा आवश्यक मात्रामा बजेट विनियोजन हुन नसक्नु।
८. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणाको कमी हुनु।
९. शिक्षकहरूलाई कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था नहुनु।
१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन साथै वृत्ति विकाससँग जोड्न नसकिनु।
११. विद्यालयको सञ्चालन र व्यवस्थापनमा समुदायको सहभागिता र अपनत्व वृद्धि हुन नसक्नु।
१२. सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा वृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसकिनु।
१३. नियमित रूपमा विद्यालयको सुवरिवेक्षण गरी आवश्यक सुझाव दिन नसकिनु।
१४. न्यूनतम योग्यता पुगेका र शिक्षा नियमावलीले तोकेअनुसार प्रध्यानाध्यापकको नियुक्ति गर्न नसकिनु।
१५. विपद् तथा महामारीमा वैकल्पिक माध्यमको प्रयोग गरी शिक्षण सिकाइलाई प्रभावकारी रूपमा निरन्तरता दिन नसकिनु।
१६. सिकाइमा सूचना प्रविधिलाई आवश्यक मात्रामा प्रयोग गर्न नसकिनु।

१७. शिक्षकलाई प्रर्याप्त मात्रामा पेशागत सहयोग पुऱ्याउन नसक्नु।

१८. पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय र सिकाइ केन्द्रको स्थापना गर्न नसकिनु ।

१९. निजी लगानीका शैक्षिक संस्थाको उचित नियमन र व्यवस्थापन गर्न नसकिनु ।

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नानुसार पहिचान गरिएको छ :

१. प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग रूपमा व्यवस्थित गरी गुणस्तरीय बनाउनु ।

२. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

३. विद्यालयमा प्रारम्भिक बालविकास कक्षाको व्यवस्थापन ,प्रारम्भिक बालविकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु ।

४. कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु ।

५. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना ,समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

६. कुशल नेतृत्व गर्न सक्षम हुने प्रधानाध्यापकहरूको क्षमता विकास गर्नु ।

७. शिक्षकले कक्षा कोठामा बिताउने समय र कक्षा शिक्षणको प्रभावकारिताको आकलन गर्ने संयन्त्रको निर्माण गर्नु ।

८. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु ।

९. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यामिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्न ।

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइ मा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ।

११. विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु ।

१२. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधा विहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन ,निरन्तरता दिन र सिकाइ क्षेत्रमा सहभागिता भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापनमा सुधार गर्ने ।

१३. शिक्षाको शासकीय प्रवन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्धन गर्न समन्वयात्मक प्रणालीलाई प्रभावकारी र सुदृढ गर्न ।

१४. स्थानीय अवश्यकता र सम्भावनाको अधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी सो को प्रभावकारी कार्यान्वयन गर्नु ।

१५. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावक आकर्षण तथा विश्वास कायम गर्नु ।

१६. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण गर्नु।

१७. शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना गर्नु ।

१८. शिक्षण सिकाइ  पद्दतिलाई व्यावहारिक ,बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु ।

१९. शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता  सुनिश्चित गर्नु ।

२०. विद्यालयमा हुने सबै किसिमका विभेदको अन्त्य गरी लैङ्गिक समावेशी र समतामूलक वातावरण सिर्जना गर्नु ।

२१. संस्थागत विद्यालय तथा शिक्षण संस्थाहरूलाई सहभागितामूलक र सरकारको पुरक प्रणालीका रूपमा व्यवस्थित गरी सेवा प्रदायक संस्थाको रूपमा सञ्चालनमा ल्याउनु ।

२२. सार्वजनिक शिक्षाप्रतिको जनविश्वास वृद्धि गराउनु ।

१.४ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषणः

**सबल पक्षहरू:**

शिक्षा ऐन तथा नियमावलीको निर्माण, बाल विकास केन्द्रको स्थापना, र दरबन्दी व्यवस्थापन मार्फत शिक्षकको आपूर्ति प्रमुख सबल पक्षहरू हुन् । विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, इन्टरनेट र यातायातको सुविधा, साथै स्थानीय पाठ्यक्रमको कार्यान्वयनले शिक्षामा सुधारका लागि बलियो आधार प्रदान गरेको छ ।

**कमजोर पक्षहरु :**

बाल विकास केन्द्रमा उमेर समूहअनुसार बालबालिका भर्ना गराउन कठिनाई, विद्यालय भर्ना अभियानको प्रभावकारीता अभाव, र शैक्षिक कार्यक्रमहरूको नियमित अनुगमनको संयन्त्रको अभाव कमजोरीका रूपमा देखिएका छन्। कक्षा १ मा अझैपनि बालबालिका बालविकासको अनुभव विना नै विद्यालय भर्ना हुने गरेका छन् । बालविकासमा भर्ना भएका बालबालिका मध्ये केही बालबालिका सम्बन्धित उमेर समूहभन्दा फरक उमेर समूहका (धेरै जसो कम उमेरका) छन् । विद्यालय भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु, शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी अनुगमन संयन्त्र नहुनु, विद्यालय समायोजन तथा दरबन्दी मिलान र पुनर्वितरण गर्न नसक्नु कमजोरीका रूपमा रहेका छन् । प्रारम्भिक बालशिक्षा विद्यालय शिक्षाको संरचनामा समावेश गरिएको भए तापनि सबै  विद्यालयमा सङ्घीय अनुदानको बालविकास केन्द्र स्थापना हुन नसक्नु ।गुणस्तरीय प्रारम्भिक बालशिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न नसकिनु

।भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल गर्न नसक्नु तथा  माध्यमिक शिक्षा पुर्ण रूपमा निःशुल्क हुन नसक्नु।

**अवसरहरू :**

विकास साझेदारहरुले गुणस्तरिय शिक्षाको कार्यक्रमका लागि प्राविधिक सहयोग, स्रोत व्यवस्थापन, तथा जनशक्ति व्यवस्थापन संयुक्त रुपमा संचालन गर्न सकिने, प्रदेश तथा संघले निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनका लागि साझेदारीमा कार्यक्रम संचालन गर्ने, साथै संघ, प्रदेशबाट शैक्षिक योजना कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्धत हुने अवसरहरु रहेका छन् । विकास साझेदारहरूको आर्थिक तथा प्राविधिक सहयोग, संघ र प्रदेश सरकारसँग साझेदारी कार्यक्रमको सम्भावना, संघीय, प्रदेशीय, र स्थानीय तहबाट आर्थिक सहयोग उपलब्ध हुने अवसर रहेका छन् । विद्यालय शिक्षाको व्यवस्थापनका लागि अवश्यक स्थानीय ऐन ,नियमावली तथा कार्यविधिको तर्जुमा गर्नु ।  निसीखोला गाउँपालिका तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यान्वयन भैरहेको । विद्यालयको आर्थिक अवस्थाको सुधारका लागि अभिभावकहरुबाट चन्दा सहयोग हुँदै आईरहेको छ ।

### १.५ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोग हुने निम्न लिखित अवसरहरू उपलब्ध हुनेछन् ।

१. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यामिक तहमा निःशुल्क  शिक्षाका लागि संवैधानिक कानुनी तथा नीतिगत आधार तयार भएको ।
२. विद्यालय शिक्षाको व्यवस्थापनका लागि अवश्यक स्थानीय ऐन ,नियमावली तथा कार्यविधिको तर्जुमा गर्न सकिने ।
३. निसीखोला गाउँपालिका तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यान्वयन भैरहेको ।
४. विद्यालय शिक्षामा खुद भर्नादर र लैङगिक समता सुचकाङ्कहरूमा सुधार भएको।
५. शिक्षाप्रति स्थानीय जनप्रतिनिधिको चासोमा वृद्धि भएको।
६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनमा रहेको ।
७. शिक्षा क्षेत्रमा सङ्घ,  प्रदेश र स्थानीय तहको लगानी रहेको।
८. विद्यालयको आर्थिक अवस्थाको सुधारका लागि अभिभावकहरुबाट चन्दा सहयोग हुँदै आईरहेको छ ।

१.५ नयाँ शिक्षा योजनाले समेट्ने पक्षहरू:

| क्र.सं. | नयाँ शिक्षा योजनाले समेट्ने पक्ष | विश्लेषण |
|---|---|---|
| १. | **पहुँच** | • समुदायमा भएका सबै बालबालिकालाई विद्यालय शिक्षामा ल्याउने ।<br>• विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूका लागि भवन, कक्षाकोठा, डेस्क, बेन्च, पाठ्यपुस्तक, सन्दर्भसामग्री, पुस्तकालय, विज्ञान प्रयोगशाला, आवश्यकता अनुसार छात्रबास उपलब्ध गराउने ।<br>• छात्राहरूका लागि छुट्टै शौचालयको व्यवस्था गर्ने र सेनिटरी प्याड उपलब्ध गराउने ।<br>• अपाङ्ता भएका बालबालिकाहरूका लागि आवश्यकतानुसारको पठन सामग्री, भौतिक संरचना र व्यक्तिगत सहायता सामग्री उपलब्ध गराउने ।<br>• युवा तथा प्रौढहरूकालागि अपेक्षित व्यावसायिक तथा प्राविधिक शिक्षाको व्यवस्था मिलाउने ।<br>• सामुदायिक सिकाइ केन्द्रमार्फत अनौपचारिक शिक्षा (द्रुत सिकाइ कार्यक्रम) सञ्चालन गराई अनौपचारिक शिक्षामार्फत आधारभूत तहमा भर्ना गराउने] ।<br>• व्यावसायिक तथा प्राविधिक शिक्षाको व्यवस्था मिलाउने ।<br>• अतिरिक्त क्रियाकलाप |
| २. | **गुणस्तर** | • बालबालिकाहरूलाई कक्षाकोठामा क्रियाशील गराइ काम गरेर सिक्ने वातावरण मिलाउने ।<br>• एकीकृत पाठ्यक्रमका अवयवहरू हुबहु कार्यान्वयन गर्ने<br>• स्मरण गराउनेभन्दा व्यावहारिक र दिगो सिकाइ गर्ने ढाँचामा शिक्षण सिकाइ क्रियाकलाप गराउने ।<br>• कक्षाकोठामा समूह सिकाइको वातावरण सिर्जना गर्ने ।<br>• कक्षा शिक्षणमा व्यवहार कुशल सीपलाई एकीकृत गर्ने ।<br>• शिक्षक विद्यार्थीको अनुपात बढीमा १:४० गराउने तर विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने ।<br>• कक्षा १ मा शतप्रतिशत बालविकास तथा शिक्षाको अनुभव लिएर आएका बालबालिका भर्ना गराउने ।<br>• बाल विकास तथा शिक्षालाई तोकिएको मापदण्डअनुसार सर्वाङ्गीण विकास, पोषण तथा स्वास्थ्य र शिक्षाको व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| | | • विद्यार्थी मूल्याङ्कनलाई सिकाइसँग जोड्ने । |
| ३. | **व्यवस्थापन** | • सबै विद्यालयमा वि.व्य.स. र शि.अ.सं. गठन गर्ने ।<br>• सबै विद्यालयहरूमा विषय शिक्षण तालिका (रुटिङ), वार्षिक कार्यपात्रो, SIP, निर्माण र कार्यान्वयन गराउने ।<br>• सबै विद्यालयमा बालक्लबको व्यवस्था गरी क्रियाशील गराउने ।<br>• पालिकाबाट विद्यालयहरूको सबै पक्ष (भौतिक, शैक्षिक र व्यवस्थापकीय) नियमित अनुगमन गर्ने । |
| ४. | **क्षमता विकास** | • सबै शिक्षकलाई एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम दिने ।<br>• कक्षा १—५ मा कक्षाकोठामा शिक्षण सिकाइमा सहयोग गर्न सहजकर्ताको व्यवस्था गर्ने ।<br>• शिक्षकहरूको कार्यदक्षता अध्ययन गरी प्रोत्साहनको व्यवस्था गर्ने ।<br>• शिक्षकहरूलाई शिक्षक डायरी उपलब्ध गराई कार्यान्वयन गराउने ।<br>• नयाँ शिक्षकहरूलाई कम्तीमा ५ दिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने ।<br>• विषयगत र तहगत शिक्षण सिकाइ समूह गठन र परिचालन ।<br>• स्थानीय पाठ्यक्रमको कार्यान्वयनका लागि क्षमता विकास । |
| ५. | **मूल्याङ्कन** | • कक्षा १—३ मा सिकाइ उपलब्धिमा आधारित निरन्तर मूल्याङ्कन गराउने यसैलाई आवधिक मूल्याङ्कनको साधनका रूपमा प्रयोगमा ल्याउने ।<br>• माथिल्ला कक्षाहरूमा निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कन दुवै प्रकारका मूल्याङ्कन प्रयोगमा ल्याउने।<br>• प्रयोगात्मक विषयहरूमा तोकिएबमोजिम मूल्याङ्कन गर्ने ।<br>• परियोजनाहरू लागु गर्दा आधार मूल्याङ्कन, मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गराउने । |
| ६. | **सुशासन** | • सबै विद्यालयमा आवधिक सामाजिक परीक्षण र लेखा परीक्षण गराउने ।<br>• विद्यालयमा गुनासो सुनुवाई संयन्त्र लागु गरी सुझाव पेटिकाको व्यवस्था गर्ने ।<br>• शिक्षक र विद्यार्थी पोशाकको अनिवार्य कार्यान्वयन गर्ने ।<br>• वर्षमा दुई पटक विद्यालयगत स्वमूल्याङ्कन गराउने । |

# परिच्छेद दुईः दुरदृष्टि, उद्देश्य, रणनिति, उपलब्धि र लक्ष्य

## २.१ परिचय

**शिक्षा क्षेत्रको विकासका लागि परिच्छेद एकमा उल्लेखित गाउँपालिकाको समग्र शैक्षिक परिवेशलाई आधार मानी अघि बढ्नुपर्छ । त्यहाँ उल्लेख गरिएका शैक्षिक चुनौती अवसर र संभावनाहरुलाई मध्यनजर राख्दै नेपाल सरकारले लागु गरेको विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर तथा जीवनपर्यन्त सिकाइ तथा सन् २०३० सम्म नेपालले प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरी यस परिच्छेदमा यस नगर शिक्षा योजनाको दूरदृष्टि** (Vision) **ध्येय** (Mission) **उद्देश्यहरु** (Objectives ) **रणनीतिहरु** (Strategies) **कार्यनीति तथा प्रमुख उपलब्धि सूचक** (Key Achievement Indicators) **प्रस्तुत गरिएको छ ।**

परिच्छेद एकमा उल्लिखित यस गाउँपालिकाको शैक्षिक परिवेशको समीक्षासहित उठान गरीएका विद्यमान समस्या, मुख्य चुनौती तथा अवसरहरूले यस गाउँपालिकाको लागि विद्यालय शिक्षाको आगमी ५ वर्षको मार्ग पहिचान गर्न आधार सिर्जना गरेको छ ।यस योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ प्राविधिक शिक्षा, प्रविधिमैत्री सिकाइमा निसीखोला गाउँपालिकाले वि.स. २०८५ सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दुरदृष्टि, उद्देश्यहरू, रणनितिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

## २.२. दुरदृष्टि

**"वैज्ञानिक प्रविधियुक्त र व्यवहारिक शिक्षा मार्फत समतामुलक समाज निर्माण गुणस्तरीय सस्कारयुक्त र जीवन प्रर्यन्त सिकाइ लागि हाम्रो अभियान" ।**

## २.३ लक्ष्य

वर्तमान समयको आवश्यकतालाई सम्बोधन तथा प्राप्त अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यताप्रति सचेत, तथा समता र समावेशितालाई आत्मसात गर्ने आफ्नो गाउँपालिकाप्रति गौरव गर्न सक्ने नागरिक तयार गर्ने ।

## २.४ ध्येय

वर्तमान समयको आवश्यकतालाई सम्बोधन तथा प्राप्त अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यताप्रति सचेत, तथा समता र समावेशितालाई आत्मसात गर्ने आफ्नो गाउँपालिकाप्रति गौरव गर्न सक्ने नागरिक तयार गर्ने ।

## २.५ उद्देश्य

यस गाउँपालिकाको शैक्षिक उद्देश्यहरू तपसिल बमोजिम रहेका छन् ।

१. पूर्वप्राथमिक शिक्षा उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममार्फत आधारभूत शिक्षाका लागि तयार पार्नु।

२. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

३. आधारभूत र माध्यमिक शिक्षामा लैङगिकता, अपाङगता, पहुँचयुक्तता, समता, समानता, समावेशिता गुणस्तर तथा सान्दर्भिकतामा सुधार ल्याउनु ।

४. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

५. विद्यार्थीको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराई दक्षता अभिवृद्धि गर्नु ।

६. यस गाउँपालिका भित्रका सबै विद्यालयहरूलाई सूचना प्रविधिको न्यूनतम पहुँच सुनिश्चित गरी शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगमा अभिवृद्धि गर्नु।

७. सबै विद्यालयहरूमा कोभिड-१९ लगायतका विपद् जोखिम न्युनिकरण, आपतकालीन र सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

८. स्थानीय पाठ्यक्रममा अधारित पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

९. सिकाइ समस्याको समाधान उन्मुख, निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

१०. सबै तहको शिक्षाको गुणस्तर एवम् सान्दर्भिकतामा अभिवृद्धि गर्नु ।

११. विद्यालय शिक्षामा सुशासन तथा जवाफदेहिताको सुनिश्चितता गर्नु ।

१२. भौतिक पूर्वाधार विकास र पहुँच को सुनिस्चित गर्नु ।

## २.६ रणनीतिहरू

१. प्रारम्भिक वालविकास कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई सो उमेर समूहका सबै बालबालिकाका लागि अनिवार्य गर्ने।
२. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने ।
३. अनिवार्य, निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ।
५. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।
६. प्राविधिक तथा व्यावसायिक सीप विकासमा समतामूलक अवसर र पहुँच सुनिश्चित गर्ने ।
७. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ सुनिश्चित गरिने ।
८. सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय ल्याउनका लागि वडा समितिको परिचालन, छात्रवृत्ति तथा विशेष सहयोग कार्यक्रमहरू विकास गरी सञ्चालन गर्ने ।
९. शिक्षण संस्थाहरूको सवलीकरण तथा संरचनागत सुधार गरी सुशासनको प्रत्याभूति दिलाउने।
१०. प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गरिने ।
११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउन स्थानीयउत्पादनमा आधारित पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने ।
१२. शिक्षा विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।
१३. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।
१४. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा शिक्षक जवाफदेही बन्ने प्रणालीको विकास गर्ने ।
१५. शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने ।
१६. विद्यार्थीहरूलाई उच्च शिक्षामा सहज पहुँचको अवसर उपलब्ध गराउन उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।
१७. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सिर्जना गर्ने ।
१८. विपद् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाको उपाय अपनाइने ।
१९. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रवोधीकरण गर्ने ।
२०. विपद् महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
२१. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।

२२. शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामूहिक वनाउन आधुनिक प्रविधि मैत्री, क्रियाकलापमा आधारित, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

२३. कक्षाकोठामा अधारित सिकाइलाई प्रवर्धन गर्ने गरी शिक्षकहरूका लागि पेशागत तालिम तथा सहायता प्रणालीको स्थापना गर्ने ।

२४. अपाङ्गता भएका र विभिन्न कारणले सिकाइसम्बन्धी समस्यामा रहेका बालबालिकाहरूलाई समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्ने ।

## २.७ कार्यनीति

१. नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिने छ ।

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

४. सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिने छ ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

६. प्रारम्भिक कक्षाका विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि शिक्षक पेशागत सहयोग, अभिभावक शिक्षा, सिकाइ सामग्री व्यवस्थापन, समुदाय परिचालन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

७. प्रारम्भिक बाल विकास र शिक्षा तथा आधारभूत तहमामा भर्ना भएका बालबालिकाहरूको अपाङ्गताको पहिचान गरिनेछ । पहिचान भएका बालबालिकाको कार्यगत सीमितताका आधारमा सिकाइ योजना तयार गरी सिकाइमा सहयोग गरिनेछ ।

८. सबै विद्यालयमा नियमितरूपमा अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप सञ्चालन, विद्यार्थीको नतिजाको बारेमा अभिभावकलाई जानकारी गराइ विद्यार्थीको सिकाइमा सुधार ल्याइनेछ ।

९. आधारभूत तहको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक र आवश्यक सन्दर्भ सामग्री तयार गरी सबै बालबालिकालाई वितरण गरिनेछ ।

१०. विद्यालयका भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री बनाउन भौतिक पूर्वाधारको निर्माण, मर्मत सम्भार तथा स्तरोन्ती गरिनेछ ।

११.आपतकालिन तथा संकटपुर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता र सिकाइ निरन्तरताका लागि आकस्मिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२.आधाभूत तहका सबै शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमको तालिम सञ्चालन, विषयगत शिक्षकका लागि शिक्षक पेशागत सहयोग तालिम, पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।

१३.सबै विद्यालयहरुको विद्यालय सुधार योजना तयार गरी सो योजनाका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१४.विद्यालय प्रति समुदायको सहभागिता अभिवृद्धि र सिकाइ वातावरण सुधारका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाई प्रत्येक शैक्षिक सत्रमा विद्यालयको शैक्षिक तथ्याङ्क संकलन, विश्लेषण, योजना निर्माणमा उपयोग र वार्षिक योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा ल्याइनेछ ।

१६.शिक्षकको शिक्षण सिकाइमा विताउने समय वृद्धिगरी विद्यार्थीको नतिजामा सुधार ल्याउन विद्यालयगतरुपमा प्रतिवेदन प्रतिवेदन प्रणाली स्थापना गरिनेछ ।

१७.शैक्षिक सुशासन र व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउन विद्यालयको लेखा तथा सामाजिक परीक्षण र सार्वजनिकरण, प्रअ र लेखासम्बद्ध कर्मचारीलाई लेखा तथा व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

१८.विद्यालय अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी विद्यालय अनुगमन, शिक्षकको निरन्तर पेशागत सहयोग, सिकाइ सुधारका लागि शिक्षकलाई स्थलगत सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।

१९.सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान तथा सूचना प्रविधि प्रयोगशाला, सिकाइ कुना, पाठ्यक्रम लगायतका सन्दर्भ सामग्रीको व्यवस्था गरिनेछ ।

२०. विद्‌यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई

## २.८ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने छन् । परिणामस्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत १०० पुगेको हुने छ ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने छ।

३. आधारभूत तहको खुद भर्नादर १०० प्रतिशत पुगेको हुने छ ।
४. माध्यामिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चितभई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ ।
५. सबै विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणाली विकास हुने छ।
६. आधारभूत तहको कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास भई कार्यान्वयनमा आएको हुने छ ।
७. विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्रीको पर्याप्त मात्रामा प्रवोधीकरण र प्रयोग हुने छ।
८. मूल्याङ्कन प्रणाली प्रभावकारी प्रयोग भई विद्यार्थीको सिकाइ अभिवृद्धि हुने छ।
९. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थी सिकाइ सुधार हुने छ।
१०.बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग पुग्ने छ ।
११.आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितीमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने छ।
१२.सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने छ।
१३.विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुग्ने छ।
१४. सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी व्यवस्था हुने छ ।

## २.९ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ ।

### तालिका २.१

**मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| सि.न. | सूचक | एकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | प्रतिशत | ९१.४ | ९९.९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ | चार वर्षका बालबालिकाहरूक भर्ना अनुपात | | ९१.४ | ९९.९ | |
| १.३ | न्यूनतम योग्यता पुगेका शिक्षक | प्रतिशत | ८२ | १०० | |
| १.४ | आधारभूत तालिम प्राप्त शिक्षक | प्रतिशत | ७७ | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रा.बा.वि.को अनुभव प्राप्त बालबालिका | प्रतिशत | ९५ | ९९ | |
| १.६ | आधारभूत मापदण्ड पूरा गरेका केन्द्र | संख्या | २१ | ५३ | |
| १.७ | केन्द्र सञ्चालन | संख्या | २१ | ५३ | |
| १.८ | बालबालिकाहरूका लागि सिकाइ सामग्री उपलब्ध केन्द्र | संख्या | २१ | ५३ | |
| १.९ | दिवा खाजा प्राप्त बालबालिका | संख्या | ४५२५ | १०० | |
| १.१० | अभिभावक र व्यवस्थापन समितिलाई अभिमुखीकरण केन्द्र | संख्या | २० | ४५ | |
| १.११ | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार, सिकाइ क्षेत्र तथा खेल सामग्रीहरूको पूर्वाधार निर्माण | सङ्ख्या | २१ | ४५ | |
| **२** | **आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | प्रतिशत | ११३.१ | १०४ | |
| २.२ | कक्षा १मा खुद प्रवेशदर | प्रतिशत | ९८.५८ | ९५.७ | |
| २.३ | कुल भर्नादर (१-५) | प्रतिशत | १३६.४ | १०४ | |
| २.४ | खुद भर्नादर (१-५) | प्रतिशत | ९५.७ | १०० | |
| २.५ | कुल भर्नादर (१-८) | प्रतिशत | १२५ | १०७ | |
| २.६ | खुद भर्नादर (१-८) | प्रतिशत | ८७.२ | ९९ | |
| २.७ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | ८५.७ | ९०.७ | |
| २.८ | कक्षा १ मा दोहोऱ्याउने दर | प्रतिशत | २३.९ | १० | |
| २.९ | कक्षा १ मा छाड्ने दर | प्रतिशत | ५.९ | ० | |
| २.१० | कक्षा ६ देखि ८ टिकाउदर | प्रतिशत | ८७.७ | १०० | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | प्रतिशत | ८१.० | १०० | |
| २.१२ | १ महिना भन्दा बढी सञ्चित विदा र सुत्केरी शिक्षकको सट्टा शिक्षक | संख्या | ० | १०० | |
| **३** | **माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कक्षा ९-१० को कुल भर्नादर | प्रतिशत | ८७.६ | १०० | |
| ३.२ | कक्षा ९-१० को खुद भर्नादर | प्रतिशत | ७८.२ | १०० | |
| ३.३ | कक्षा ९-१२ को कुल भर्नादर | प्रतिशत | ६५.९ | ७५.९ | |
| ३.४ | कक्षा ९-१२ को खुद भर्नादर | प्रतिशत | ५४.४ | ६४.४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.५ | कक्षा ११-१२ को खुद भर्नादर | प्रतिशत | ४५.४ | ५५.४ | |
| ३.६ | कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | २६.० | ४०.० | |
| ३.७ | गाउँपालिका मार्फत न्यूनतम दरबन्दी सुनिश्चित गर्नका लागि थप शिक्षक व्यवस्थापन | सङ्ख्या | १७ | | |
| ३.८ | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी | संख्या | सबै | सबै | लक्षित |
| ३.९ | पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी | संख्या | सबै | सबै | |
| ३.१० | प्राविधिक धारका विद्यालय | संख्या | १ | २ | |
| ३.११ | नमुना विद्यालय | संख्या | ० | २ | |
| ४ | **विद्यालय व्यवस्थापन र नियमन** | | | | |
| ४.१ | २०५ दिन पठनपाठन भएको सुनिश्चित भएका विद्यालय | सङ्ख्या | ४५ | ४५ | |
| ५ | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ५.१ | डिजिटल तथा वित्तीय साक्षरता कक्षा सञ्चालन | विद्यालय | ० | ९ | |
| ५.२ | सामुदायिक पुस्तकालय एवम् सिकाइ केन्द्र सञ्चालन तथा सहयोग | | १ | १ | |
| ६ | **पाठ्यक्रम र मूल्याङ्कन** | | | | |
| ६.१ | राष्ट्रिय पाठ्यक्रम तथा प्रारूप २०७६ अनुसार विकास भएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको अभिमुखीकरण तथा कार्यान्वयन | प्रतिशत | ५५ | १०० | |
| ६.२ | स्थानीय पाठ्यक्रम विकास | सङ्ख्या | ८ | ८ | |
| ६.३ | सिकाइ उपलब्धि परिक्षण | सङ्ख्या | ० | १ | |
| ६.४ | स्थानीय पाठ्यपुस्तक विकास | सङ्ख्या | १ | ८ | |
| ७ | **शिक्षक विकास र व्यवस्थापन** | | | | |
| ७.१ | महिला शिक्षक प्रतिशत (आधारभूत तह) | प्रतिशत | | ५० | |
| ७.२ | महिला शिक्षक प्रतिशत (माध्यमिक तह) | प्रतिशत | | ५० | |
| ७.३ | शिक्षक क्षमता विकास तालिम | प्रतिशत | ३० | १०० | |
| ७.४ | व्यवस्थापन तालिम | प्रतिशत | ४० | १०० | |
| ७.५ | शिक्षक सहयोग समूह गठन र परिचालन | समूह | ३ | ७ | तहगत सहयोग समूह |
| ७.६ | शिक्षक सहयोग र पृष्ठपोषण पद्धतिको विकास | पटक | ० | ४ | त्रैमासिक |
| ८ | **सूचना तथा सञ्चार प्रविधि** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.१ | पूर्वाधार विकास | विद्यालय | ३० | ४५ | |
| ८.२ | इन्टरनेट कनेक्टिभिटी | विद्यालय | १८ | ४५ | |
| ८.३ | सूचना प्रविधि ल्याब | विद्यालय | १० | ४५ | |
| ८.४ | सूचना प्रविधि सम्बन्धित क्षमता विकास | प्रतिशत | ३० | १०० | |
| **९** | **शासकीय प्रवन्ध तथा व्यवस्थापन** | | | | |
| ९.१ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार | विद्यालय | ० | ४५ | |
| ९.२ | कर्मचारीहरूको क्षमता विकास | प्रतिशत | २० | १०० | |
| ९.३ | प्रतिवेदन प्रणालीको सुदृढीकरण | प्रतिशत | ३० | १०० | |
| ९.४ | शिक्षा समिति बैठक | सङ्ख्या | ० | १२ | मासिक |
| ९.५ | शिक्षा सम्बन्धी कानुन तथा मापदण्ड विकास | सङ्ख्या | १ | ५ | |
| ९.६ | विद्यालय सुधार योजना निर्माण | सङ्ख्या | ४५ | ४५ | |
| ९.७ | सामाजिक परीक्षण | सङ्ख्या | ४५ | ४५ | |
| ९.८ | EMIS व्यवस्थापन र प्रकाशन | सङ्ख्या | १५ | ४५ | |
| ९.९ | विद्यालय कार्यसम्पादन परीक्षण | सङ्ख्या | ४५ | ४५ | |
| **१०** | **शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | | | |
| १०.१ | पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको प्रतिशत | प्रतिशत | ४४.९० | ५० | |
| १०.२ | पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्त बाहेक) | प्रतिशत | ८.२ | १२.५० | |

# परिच्छेद तीनः शिक्षाका मूख्य उपक्षेत्र

## ३.१ पृष्ठभुमि

यस परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रहरूको स्थिति प्रस्तुत गरिएको छ। यसमा सम्बन्धित उपक्षेत्रबाट उपलब्ध हुने नतिजाका लागि तय गरिएको योजनाका उद्देश्य तथा रणनीतिहरू उल्लेख गरिएको छ। यस योजनामा समावेश गरिएका उपक्षेत्रहरूमा (क) प्रारम्भिक बाल शिक्षा तथा विकास[१] (ख) आधारभूत शिक्षा (ग) माध्यमिक शिक्षा (घ) अनौपचारिक शिक्षा तथा सिप विकास[२]। प्रत्येक उपक्षेत्रका लागि योजनाका अपेक्षित उपलब्धि, प्रतिफल, लक्ष्यहरू उल्लेख गरिएको छ।

## ३.२ प्रारम्भिक बालविकास र शिक्षा

## ३.२.१ परिचय

प्रारम्भिक बाल शिक्षा तथा विकास ४ वर्ष (४८-६० महिना) का बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो। नेपालमा प्रारम्भिक बाल शिक्षा तथा विकास उपक्षेत्रअन्तर्गत विभिन्न ढाँचा तथा अवधिमा कार्यक्रम सञ्चालन भईरहेका छन् जस्तै- प्रारम्भिक बाल विकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा तथा समुदाय/घरमा आधारित र अन्य। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ र पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रमहरूको सुनिश्चितता गरेको छ। प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (सन् २०२०-२०३०) ले ४-८ वर्षका बालबालिका लागि प्रारम्भिक बाल शिक्षादेखि कक्षा ३ सम्मका बालबालिकाको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ (रायोआ, २०७७)। माथि उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १ मा भर्ना हुने बालबालिकाहरूले अनिवार्य रूपमा १ वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनको विद्यालय शिक्षा क्षेत्र योजनामा आवद्ध गरिएको छ।

## ३.२.२ वर्तमान अवस्था

यस पालिका अन्तर्गत जम्मा ५३ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । उक्त केन्द्रहरुमध्ये सामुदायिक विद्यालयमा आधारित ४५ र समुदायमा आधारित ८ वटा रहेका छन् ।शैक्षिक तथ्याङ्क २०८० अनुसार प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी भर्ना दर ८८ प्रतिशत पुगेको छ ।

पहुँच तथा सहभागितामा प्रारम्भिक बाल शिक्षा तथा विकासमा प्रशंसनीय प्रगति भएको भए तापनि उल्लेख्य

[१] शिक्षा ऐन तथा नियमावलीअनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा आधारभूत शिक्षाकै अंश हो। प्रारम्भिक सिकाइका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको आफ्नै रणनीति तथा क्रियाकलाप भएको हुनाले यसलाई योजनामा कार्यक्रमिक प्रक्रियाका रूपमा छुट्टै उपक्षेत्र मानी प्रस्तुत गरिएको छ।

[2] यसमा विद्यालय शिक्षा क्षेत्र योजनाको क्षेत्रभन्दा बाहिर पनि निरन्तर र जीवनपर्यन्त सिकाइका लागि प्रबन्ध र तयारी पक्ष समेटिन्छ।

सङ्ख्याका, विशेष गरी विपन्न, ग्रामीण तथा सीमान्तकृत र सङ्कटापन्न समुदायका बालबालिका अझै शैक्षिक प्रणालीबाहिर नै छन् । प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.२**

**प्रारम्भिक बाल विकाससम्बन्धी विवरण २०८०**

| सि.नं. | विवरण | सामुदायिक | कैफियत |
|---|---|---|---|
| १ | बालविकास केन्द्र सङ्ख्या | ५३ | |
| २ | विद्यार्थी सङ्ख्या | ११०७ | |
| ३ | केन्द्र र विद्यार्थी अनुपात | २०.८८ | |
| ४ | कुल भर्नादर | ९६.२ | |
| ५ | खुद भर्नादर | ११३.९ | |
| ६ | सरकारी अनुदानको प्रारम्भिक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | २४ | |
| ७ | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | २१ | |
| ८ | तालिम प्राप्त सहजकर्ता सङ्ख्या | २१ | |

माथिका तालिकाबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर ९६।२ रहेको छ भने खुद भर्नादर ११३।९ रहेको छ । अझै पनि २९ वटा विद्यालयमा सरकारी अनुदानको बालविकास सहजकर्ताको व्यवस्था गर्न सकिएको देखिँदैन। सत प्रतिशत बालबालिकाहरू बालविकास शिक्षाको अनुभव सहित भर्ना भएको देखिन्छ । २९ वटा विद्यालयमा बालविकासको न्यूनतम पूर्वाधार पूरा गर्न बाँकी रहेको छ । सबै बालविकास सहजकर्ताहरूले न्यूनतम योग्यता प्राप्त गरेको भएपनि न्यूनतम तालिम प्राप्त सहजकर्ता ५८ प्रतिशत देखिन्छ । इमिस २०८१ को रेकर्डलाइ अध्ययन गर्दा ९ वटा बालबिकास केन्द्रको विवरण अद्यावद्धिक नभएको देखिन्छ ।

उल्लिखित विश्लेषणका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ ।

१. प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. सबै बालविकास सहजकर्ताहरूलाई न्यूनतम पेसागत विकासको अवसर उपलब्ध गराउनु ।
३. सबै बालविकास केन्द्रहरूमा न्यूनतम भैतिक, आर्थिक तथा शैक्षिक पूर्वाधारको सुनिश्चित गर्नु ।
४. कक्षा १ मा प्रवेश गर्ने सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएको सुनिश्चित गर्नु ।
५. प्रारम्भिक बालशिक्षा कार्यक्रमको सुपरिवेक्षण तथा प्राविधिक सहायताको प्रणालीलाई प्रभावकारी बनाउन ।
६. प्रारम्भिक बालविकास तथा शिक्षामा अपेक्षित गुणस्तर सुनिश्चित गर्नु ।
७. विविध प्रकारबाट सञ्चालित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमबीच समन्वय र एकरूपता

कायम गर्न ।

८. इमिस मा सबै बालबिकास केन्द्रको विवरण अद्यावद्धिक गर्न ।

९. सबै बालबिकास सहजकर्ताहरुको सेवासुविधा एकरुपता ल्याउनु

**तालिकाः वडागत सामुदायिक बालविकास तथा शिक्षा केन्द्र वितरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | ७ | ९ | ७ | ५ | ७ | ११ | ७ | ५३ |

माथिका तालिकाबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्रको वितरण सबै वडा भएको देखिएतापनि वितरणमा समानता देखिदैन । आवश्यकताको आधारमा बालविकास केन्द्रको पुनःर्वितरण गर्नु पर्ने देखिन्छ

## ३.२.३ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. चार वर्ष उमेरका सबै बालबालिकाहरूलाई बालविकास शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

२. प्रारम्भिक बालविकास तथा शिक्षामा गुणस्तर, समता, समानता, विविधता, अपाङगता र सान्दर्भिकता अभिवृद्धि गर्नु ।

३. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित सबै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गराउनु ।

४. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वधार निर्माण गरी सिकाइ वातावरणमा सूधार ल्याउनु ।

५. बालबिकास तहलाइ पूर्वप्राथमीक र प्राथमिक गरी दुइ तहमा अध्यापन गराउने व्यवस्था गर्नु ।

६. बालबिकासको प्राथमिक तहमा बिषयगत पाठ्यक्रम निर्माण गरी सिकाइ सहजिकरण गर्नु ।

७. बालबिकास कक्षा सन्चालनका लागि शैक्षिक सामग्री खरिद निर्माण प्रयोगको लागि तालिम व्यवस्थापन गर्नृ ।

८. स्यानीयतहबाट सन्चालित बालबिकास सहजकर्ताहरुलाइ सघिय सहजकर्तासरह सेवासुविधा प्रदान गर्नु ।

९. इमिस २०८१ को रेकर्डलाइ अध्ययन गर्दा ९ वटा बालबिकास केन्द्रको विवरण अद्यावद्धिक गर्ने ।

## ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छ :

१. सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्ने ।

२. बालविकास केन्द्रको नक्साङ्कन ,पुनर्वितरण र आवश्यकताअनुसार केन्द्र थप गर्ने ।

३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने अपाङगता, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

४. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित सबै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गर्नका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

५. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वधार निर्माण गरी सिकाइ वातावरणमा सूधार ल्याउने ।
६. बालबिकास तहलाइ पूर्वप्राथमीक र प्राथमिक गरी दुइ तहमा अध्यापन गराउने व्यवस्था गर्ने ।
७. बालबिकासको प्राथमिक तहमा बिषयगत पाठ्यक्रम निर्माण गरी सिकाइ सहजिकरण गर्ने ।
८. बालबिकास कक्षा सन्चालनका लागि शैक्षिक सामग्री खरिद निर्माण प्रयोगको लागि तालिम व्यवस्थापन गर्ने ।
९. स्यानीयतहबाट सन्चालित बालबिकास सहजकर्ताहरुलाइ सघिय सहजकर्तासरह सेवासुविधा प्रदान गर्ने ।
१०.इमिस २०८१ को रेकर्डलाइ अध्ययन गर्दा २१ वटा बालबिकास केन्द्रको विवरण अद्यावधिक गर्ने ।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।
२. पाँच वर्ष पुग्दा सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पूरा गरी कक्षा १ का लागि तत्पर भएको हुने।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ११०७ | ११२० | ११२५ | ११३० | ११३५ | ११४० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ० | ५ | ५ | १० | १० | १५ |

(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापरू | एकाइ | कार्यान्वयन वर्ष (५ बर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | |
| १. | सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको सञ्चालन र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४५ | सङ्घीय सरकारले निर्धारण गरेको सूचक |
| २. | बालविकास केन्द्रको नक्साङ्कन ,पुनर्वितरण र आवश्यकताअनुसार केन्द्र थप | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ४५ | |
| ३. | जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने अपाङ्गता ,विपन्न, दलित तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विशेष | संख्या | १ | १ | १ | १ | १ | ५ | |

| क.सं. | प्रमुख क्रियाकलापरू | एकाइ | कार्यान्वयन वर्ष (५ बर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | |
| | कार्यक्रम सञ्चालन | | | | | | | | |
| ४. | शैक्षिक कार्यक्रम सञ्चालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४५ | |
| ५. | बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वधार निर्माण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४५ | |
| ६. | बालबिकास तहलाइ दुइ तहमा अध्यापन गराउने व्यवस्था | सङ्ख्या | ३ | ३ | ६ | ६ | ३ | २१ | |
| ७. | बिषयगत पाठ्यक्रम निर्माण गरी सिकाइ सहजिकरण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४५ | |
| ८. | शैक्षिक सामग्री खरिद निर्माण प्रयोगको लागि तालिम व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९. | सहजकर्ता सेवासुविधा | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १०. | बालबिकास केन्द्रको विवरण अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११. | बाल विकास केन्द्रमा अध्ययन गर्ने बालाबाकिकाहरुको विवरण थप र अद्यावधिक | सङ्ख्या | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

**प्रमुख क्रियाकलाप र बजेट**

| क्र सं | कार्यक्रमहरू | | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको सञ्चालन र व्यवस्थापन | | ० | ५३० | ५३० | ५३० | ५३० | २६५० | | १००० | १६५० | |
| २ | बालविकास केन्द्रको नक्साङ्कन, पुनर्वितरण र आवश्यकताअनुसार केन्द्र थप | | | १० | १० | १० | १० | १०० | १०० | ० | ० | ० |
| ३ | जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने अपाङ्गता ,विपन्न, दलित तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन | | ० | ८० | ८० | ८० | ८० | ८० | ४०० | ० | ४०० | ० |
| ४ | शैक्षिक कार्यक्रम सञ्चालन | | १० | ५० | ५० | ५० | ५० | ५० | २६० | ० | २६० | ० |
| ५ | बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पूर्वधार निर्माण | | | ५३० | ५३० | ५३० | ५३० | २१२० | ११२० | ५०० | ५०० | ० |
| ६ | बालबिकास तहलाइ दुइ तहमा अध्यापन गराउने व्यवस्था | | | १००० | १००० | १००० | १०० | ४००० | २००० | १००० | १००० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बिषयगत पाठ्यक्रम निर्माण गरी सिकाइ सहजिकरण | | ३०० | ४०० | ५०० | ५०० | ५०० | २२०० | १३०० | ५०० | ४०० | ० |
| ८ | शैक्षिक सामग्री खरिद निर्माण प्रयोगको लागि तालिम व्यवस्थापन | | ० | १ | १ | १ | १ | ४ | ० | २ | २ | ० |
| ९ | सहजकर्ता सेवासुविधा | | ० | ५३० | ५३० | ५३० | ५३० | २१२० | १००० | १००० | १२० | ० |
| १० | बालबिकास केन्द्रको विवरण अद्यावधिक | | १ | २ | २ | २ | २ | १० | | | १० | |
| ११ | बाल विकास केन्द्रमा अध्ययन गर्ने बालाबाकिकाहरुको विवरण थप र अद्यावधिक | | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ | | | २६५ | |
| जम्मा | | | ३६४ | ३१८६ | ३२८६ | ३२८६ | २३८६ | १३५९९ | ६१८० | ४००२ | ४६०७ | |

## ३.३ आधारभूत शिक्षा

### ३.३.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन तथा सामाजिक समायोजनमा सहयोग गर्छ र थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारीको सुनिश्चितता गर्दै आधारभूत ज्ञान, सिप तथा अभिवृत्तिको विकास गर्छ। यसले निरन्तर सिकाइका लागि मार्ग प्रशस्त गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका साथै मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा सहभागी हुन लागि सक्षम बनाउँछ। आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरू (कक्षा १-३) मा बालबालिकाहरूले आधारभूत सिकाइ सिपहरू (गणित, साक्षरता, व्यवहारकुशल सिप, अन्तरवैयक्तिक सिप) सिक्छन्। यसले उनीहरूलाई भविष्यको सिकाइमा मद्दत गर्छ। प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाहरूले भविष्यमा बढी सिक्ने सम्भावना देखिएको छ, विद्यालयको तयारीका लागि यो मुख्य सूचक हो।

नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ। सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ का अनुसार बालबालिकाहरूलाई विद्यालय पठाउन अभिभावकका साथै सरकारका तीनै तह जिम्मेवार छन्। यस खण्डमा आधारभूत शिक्षाको सन्दर्भ, चुनौती तथा अवसरहरूको पुनरावलोकन गरिएको छ। यसका आधारमा उद्देश्य, रणनीति, लक्षित प्रतिफल तथा मुख्य क्रियाकलापहरूको रूपरेखा प्रस्तुत गरिएको छ।

### ३.३.२ वर्तमान अवस्था

यस पालिकाको आधारभूत तहमा ९५.७ प्रतिशत खुद भर्नादर रहेको छ । यो दर राष्ट्रिय दरभन्दा ०.१ माथी रहेको छ । आर्थिक तथा सीमान्तकृत समुदायका दलित, जनजाति तथा भौगोलिक रूपमा दुर्गम तथा सङ्कटापन्न अवस्थामा रहेका बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच कम छ। आधारभूत तहका विद्यालय जाने उमेर (१-८) का करिब ३ प्रतिशत बालबालिका अझै विद्यालयबाहिरै छन्। आधारभूत तहमा कक्षा दोहोर्याउने दर ५ प्रतिशत र छाड्ने दर १९ प्रतिशत रहेको छ । विशेष गरी कक्षा १ मा र अरू कक्षामा यो दर बढ्दो छ। लैङ्गिक, जात/जाति, स्थान, सामाजिक-आर्थिक स्तर, अपाङ्गता आदिका कारणले यी बालबालिकाहरूको पहुँच तथा सहभागितामा वृद्धि हुन सकेको छैन।

आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल हासिल गराउनु सबैभन्दा ठुलो चुनौतीको रूपमा रहेको छ भने प्रारम्भिक कक्षाहरूमा पढाइ र गणितको सिकाइ उपलब्धि न्यून छ। एउटा वाक्य पनि पढ्न नसक्ने वा आधारभूत गणितीय समस्या समाधान गर्न नसक्ने विद्यार्थीको संख्या अधिक रहेको छ ।शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको विद्यार्थीहरूको उपलब्धि परीक्षणअनुसार तल्लो कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि विद्यालय क्षेत्र विकास योजनाकालदेखि नै बृद्धि हुन सकेको छैन।

शिक्षक, प्रअ, विव्यस पदाधिकारीहरू विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने तथा आधारभूत विद्यालयहरूमा अनुकूल सिकाइ वातावरण बनाउन सुनिश्चित गर्ने प्रणालीको विकास हुनु आवश्यक छ। विद्यालयहरुमा

न्युनतम शिक्षक व्यवस्थापन हुन सकेको छैन । आधारभूत तह कक्षा ६-८ मा न्युनतम विषयगत शिक्षकको व्यवस्था हुनु सकेको छैन ।

जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ, बस्तीको स्वरूपमा आएको परिवर्तनका कारण आधारभूत तहका धेरै विद्यालयहरूको नक्शाङ्कन गरी समायोजन गर्न आवश्यक छ। विद्यालयका भौतिक तथा शैक्षिक (बाल/ लैङ्गिक/अपाङ्गतामैत्री) अवस्था पहुँचयोग्य तथा समावेशी बनाउन थप प्रयास आवश्यक छ। यसै गरी पोषण, स्वास्थ्य, पानी, सरसफाइ आदि जस्ता बालबालिकाहरूको विकास, कल्याण तथा सिकाइमा प्रभाव पार्ने सेवाहरूलाई विस्तार तथा एकीकरण गर्नु आवश्यक छ।

यस पालिकामा जम्मा सञ्चालित ४५ विद्यालयमध्ये सामुदियक विद्यालय संख्या ४५ रहेको छ । आधारभूत तह सञ्चालन हुने विद्यालय संख्या ४५ रहेको छ । पालिकाको आधारभूत शिक्षासंग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३.२

### आधारभूत शिक्षासम्बन्धी सूचकहरु २०८०

| सि.नं. | विवरण | संख्या/दर | कैफियत |
|---|---|---|---|
| ४ | कुल भर्नादर (१-५) | १३६.४ | |
| ५ | खुद भर्नादर(१-५) | ९५.७ | |
| ६ | कुल भर्नादर (१-८) | १२५.६ | |
| ७ | खुद भर्नादर (१-८) | ९५.४ | |
| ८ | कक्षा ५ पूरा गर्ने दर | ७५.५ | |
| ९ | कक्षा ५ को टिकाउदर | ८८.५ | |
| १० | कक्षा ८ पूरा गर्ने दर | ८७.७ | |
| ११ | कक्षा ८ को टिकाउदर | ८७.७ | |
| १२ | विद्यालय बाहिर रहेको आधारभूत तह उमेर **समूह**को जनसङ्ख्या | ३ प्रतिशत | |
| १३ | कक्षा दोहोऱ्याउने दर (१-८) | ६ प्रतिशत | |
| १४ | कक्षा छाड्ने दर (१-८) | १९ प्रतिशत | |
| १३ | ३० दिनको तालिम प्राप्त शिक्षक सङ्ख्या | १०० | |

स्रोत : EMIS 2080

## ३.३.३ उद्देश्य

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्नु ।
३. आधारभूत शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।
४. अनिवार्य र निः शुल्क शिक्षा आधारभूत तहमा सबै बालबालिकाहरूको समतामूलक पहुँच सुनिश्चित गर्नु,
५. विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील र जवाफदेही बनाउनु ।
६. आधारभूत तहमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरलाई शून्यमा झार्नु ।
७. आधारभूत तहमा अध्ययन गर्ने उमेरसमूहका विद्यार्थीहरुलाई शत प्रतिशत विद्यालयसम्म पुऱ्याई सिकाई कार्यमा सहभागिता गराउनु ।
८. आधारभूत तहसम्म दिवाखाजा व्यावस्थापन गर्नु ।

## ३.३.४ रणनीतिहरू

१. सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गर्ने।

२. सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने।

३. स्थानीय स्वास्थ्यसम्बन्धी र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य तथा समन्यव गरी आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी विद्यालयमा दिवा खाजाको प्रबन्ध गर्ने।

४. आधारभूत तहका बालबालिकालाई सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षा प्रदान गर्ने।

५. सबै विद्यालयले बृहत् विद्यालय सुरक्षा मापदण्ड पूरा गर्न विद्यालय सुरक्षाको अवधारणालाई प्रवर्धन गर्ने।

६. कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार साक्षरता तथा गणितीय सिपको आधारभूत सक्षमतामा सुधार गर्ने।

७. सिकाइ क्रियाकलापमा बालबालिकाहरूको सहभागिताका लागि भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई भय, विभेद, दुर्व्यवहारमुक्त, समावेशी बालमैत्री तथा सुरक्षित बनाउने।

८. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने।

९. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सोका आधारमा सिकाइ सहजीकरणको प्रक्रिया तथा जवाफदेहीतामा सुधार गर्ने।

१०.मापदण्डअनुसार पर्याप्त सङ्ख्यामा योग्य, उत्प्रेरित र सक्षम शिक्षक व्यवस्था गर्ने।

११.शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न शिक्षक सहायक, स्वयम् सेवी वा सट्टा शिक्षकबाट कक्षा सञ्चालन गर्ने।

१२.एकीकृत पाठ्यक्रमको कार्यान्वयन गर्न र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित शिक्षकको शैक्षणिक तथा डिजीटल सिपको विकास गर्ने।

१३.आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता गर्ने गरी विद्यालयहरूको क्षमता विकास गर्ने।

१४.दलित, सिमान्तकृत तथा अपाङ्गता भएका विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।

१५.प्रत्येक कक्षामा बुक कर्नर तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

१६.आधारभूत तह सम्म दिवा खाजा व्यवस्थापन गर्ने ।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने।

२. विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने।

३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने।

## (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २ | १ | ० | ० | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको प्रतिशत | ४० | ६० | ८० | ९० | १०० | १०० |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको प्रतिशत | २ | ५ | १० | १२ | १५ | २० |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | कार्यान्वयन वर्ष (५ बर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | |
| १. | समतामुलक पहुँच तथा सहभागिता लागि भौगोलिकताको रुप हेरी भर्ना अभियान तय गर्ने । | पटक | ० | १ | १ | १ | १ | ५ | विद्यालयको सरचना अनुसार |
| २ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | १ | २ | विद्यालय समायोजन ढाँचा |
| ३ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | त्रैमासिक तथा वार्षिक मूल्याङ्कन |
| ४ | शिक्षक क्षमता विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | तालिम |
| ५ | शिक्षक दरबन्दी मिलान | | ० | १ | ० | ० | १ | २ | शिक्षक दरबन्दी मिलान कार्यविधी |
| ६ | विद्यार्थी भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | EMIS Report |
| ७ | पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | वार्षिक बजेट तथा उपस्थिति |
| ८ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | ० | १२ | १२ | १० | ११ | ४५ | वार्षिक बजेट तथा विद्यालय अनगमन |
| ९ | विद्यालय व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | निकासा प्रतिवेदन |
| १० | शिक्षक वि व्य स र शि अ स को क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | तालिम |
| ११ | विद्यार्थी छात्रवृत्ति वितरण | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | निकासा प्रतिवेदन |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | कार्यान्वयन वर्ष (५ बर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | |
| १२ | दिवा खाजा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निकासा प्रतिवेदन |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई पहिचान तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | निकासा प्रतिवेदन |
| १४ | पाठ्यपुस्तक व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | निकासा प्रतिवेदन |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | कक्षागत अवलोकन |
| १६ | विपन्न का लागि ड्रेस, स्टेशनरीका लागि छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | निकासा प्रतिवेदन |
| १७ | प्रति विद्यार्थी अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | निकासा प्रतिवेदन |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अनुगमन प्रतिवेदन |
| १९ | व्यवस्थित परीक्षा प्रणाली | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | अनुगमन प्रतिवेदन |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | उपस्थिती माइन्युट |
| २१ | संकट तथा विपद व्यवस्थापन | पटक | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | अनुगमन प्रतिवेदन |
| | | | | | | | | | |

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य आर्थिक वर्ष | | | | | | | दर हजारमा | हजारमा समायोजना | बजेट हजारमा | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८ /८४ | २०८५ /८६ | ५ वर्षको जम्मा | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८ /८४ | २०८५ /८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | समतामुलक पहुँच तथा सहभागिता लागि भौगोलिकताको रुप हेरी भर्ना अभियान तय गर्ने । | पटक | ० | १ | १ | १ | १ | ४ | ६७५०० | २७० | २७० | ० | ६८ | ६८ | ६८ | ६८ | २७० | २७० | | | |
| २ | विद्यालय नक्सा ङ्कन | पटक | ० | १ | ० | ० | १ | २ | ३०००० | ६० | ६० | ० | ३० | ० | ० | ३० | ६० | | ६० | | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुनर्वितरण तथा समायोजन | | | | | | | | | | | | | | | | | | | | |
| ३ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २५०० ०० | २५० | १२५० | २५० | २५० | २५० | २५० | २५० | १२५ ० | | | १२ ५० | |
| ४ | शिक्षक क्षमता विकास | स ङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५००० ० | २५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | | | |
| ५ | शिक्षक दरबन्दी मिलान | | १ | १ | १ | १ | १ | ५ | ५००० ० | २५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | | | |
| ६ | विद्यार्थी भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | ४५०० ० | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | | | २२ ५ | |
| ७ | पाठ्यक्रम प्रबोधीकरण | पटक | ० | १ | ० | १ | ० | २ | १००० ०० | १०० | २०० | ० | १०० | ० | १०० | ० | २०० | २०० | | | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | ० | २ | ५ | ६ | ७ | २० | १००००००० | २०००० | २०००० | ० | २००० | ५००० | ६००० | ७००० | २०००० | २०००० | | | |
| ९ | विद्यालय व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | ३०००००० | १५००० | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | १५००० | | | |
| १० | शिक्षक वि व्य स र शि अ स को क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ८०००० | ४०० | ४०० | ८० | ८० | ८० | ८० | ८० | ४०० | १०० | १०० | २०० | |
| ११ | विद्यार्थी छात्रवृत्ति वितरण | विद्यालय सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०००००० | १५००० | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | १५००० | | | |
| १२ | दिवा खाजा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ११५००००० | ५७५०० | ५७५०० | ११५० | ११५० | ११५० | ११५० | ११५० | ५७५०० | ५७५०० | | | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | | | | | | | | | | | | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई पहिचान तथा सहयोग | पटक | | १ | १ | १ | १ | १ | ५ | ५०००० | २५० | ५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | १०० | ० | |
| १४ | पाठ्यपुस्तक व्यवस्था | पटक | | १ | १ | १ | १ | १ | ५ | ५०००००० | २५००० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५००० | २५००० | | | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | पटक | | १ | १ | १ | १ | १ | ५ | २००००० | १०००० | १००० | २०० | २०० | २०० | २०० | २०० | १०००० | १०००० | | | |
| १६ | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि | पटक | | १ | १ | १ | १ | १ | ५ | ५०००० | २५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | १०० | | १५० | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रवृत्ति | | | | | | | | | | | | | | | | | | | | |
| १७ | प्रति विद्यार्थी अनुदान | पटक | | | | | | | | | | | | | | | | | | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | | | | | | | | | | | | | | | | | | | | |
| १९ | व्यवस्थित परीक्षा प्रणाली | पटक | १ | १ | १ | १ | १ | ५ | २५००००० | २५०० | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १०० | | १५० | |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | ३००००० | १५०० | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ८०० | | ७०० | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | संकट तथा विपद व्यवस्थापन | पटक | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | संकट पर्दा | ३००००० | १५०० | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | १५०० | |
| | जम्मा | | | | | | | | | १४११२५ | ११७५२५ | ९५२५ | ११७२३ | १४५९३ | १५६९३ | १६६२३ | १४२४०५ | १३५८२० | २६० | ४१७५ | ० |

## ३.४ माध्यमिक शिक्षा

### ३.४.१ परिचय

माध्यमिक शिक्षा नेपालको विद्यालय पाठ्यक्रम प्रारूप २०७६ अनुसार कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा वर्गीकरण गरेअनुसार ९ देखि १२ सम्ममा दिइने औपचारिक शिक्षालाई माध्यमिक शिक्षा मानिन्छ। माध्यमिक शिक्षाले मानवीय मूल्य, कलासंस्कृति, विज्ञान र सूचना प्रविधि तथा आधारभूत मूल्य मान्यताका ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहार आर्जन गरेका जनशक्तिको उत्पादनको लक्ष्य राख्दछ ।यो तहको शिक्षा कामको संसारमा प्रवेश गराउने सिपसहितको नागरिक विकास र उच्च शिक्षाको आधार पनि हो । नेपालको संविधान २०७२ ले माध्यमिक शिक्षालाई स्थानीय तहको शिक्षा अधिकार क्षेत्र भित्र समेट्दै पूर्ण निःशुल्क हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क सहज पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचारी गुणसहित सिपयुक्त उत्पादनशील जनशक्ति उत्पादनको उद्देश्य राखेको छ । प्राविधिक (प्राविधिक, व्यावसायिक), साधारण (नियमित, खुला तथा वैकल्पिक) र परम्परागत (धार्मिक) गरी तीन धारबाट शिक्षा आर्जन, सीप विकास गर्दै भावी जीवनका थुप्रै विषयमा निर्णय लिन सक्ने बनाउन विविध परामर्श दिनुपर्ने आवश्यकता पनि राख्दछ ।कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागु छ भने कक्षा ९-१२ तर्फ साधारण र प्राविधिक गरी दुई धार लागु छ। निसीखोला गाउँपालिकामा माध्यामिक शिक्षालाई साधारण र प्राविधिक दुई धारबाट शिक्षा नीतिका राष्ट्रिय उद्देश्यहरू प्राप्त हुने किसिमले निःशुल्क, प्रविधियुक्त, पहुँचयुक्तता, सीपमूलक, बालमैत्री, अपाङ्गमैत्री र समावेशी बनाउँदै एकातिर जीवन यापनका आधार र अर्कातिर उच्चशिक्षाको आधार स्तम्भका रूपमा विकास गर्नुपर्ने चुनौती पनि छ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा माध्यमिक शिक्षा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या एवम् चुनौतीहरूको पहिचान गरिएको छ । ती चुनौतीहरूको सामना गर्नका लागि माध्यमिक शिक्षा कार्यक्रमका उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

माध्यमिक शिक्षामा विद्यार्थी भर्ना तथा प्रतिस्पर्धामा उल्लेख्य प्रगति भएको भएतापनि माध्यमिक तहको उमेर (१३-१६ वर्ष) का ।।।। प्रतिशतको ठुलो सङ्ख्या अझै पहुँचबाहिर छ। माध्यमिक शिक्षामा विशेष गरी न्यून सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, दलित समुदायका किशोरी, सीमान्तकृत/दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा टिकाउदर कम छ। माध्यमिक तहको सबै कक्षाका परीक्षाको नतिजाले गणित, नेपाली र विज्ञान जस्ता मुख्य विषयहरूमा न्यूनतम सिकाइ उपलब्धि पनि हासिल नगरेको देखाएको छ (शैगुपके, २०२०)।

दिगो जीवनयापनका लागि शिक्षाको सान्दर्भिकता अभिवृद्धि गर्न माध्यमिक शिक्षामा जीवनोपयोगी सिकाइ लाई एकीकृत गर्न आवश्यकता देखिएको छ। सोहीअनुसार शिक्षकलाई शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको व्यापक तथा प्रभावकारी रूपमा प्रयोग गरी नयाँ ज्ञान, सिप तथा प्रविधियुक्त बनाउनुपर्छ।

विद्यालय क्षेत्र विकास योजनाको अवधिमा माध्यमिक विद्यालयहरूलाई शिक्षण सहयोग अनुदानअन्तर्गत उपलब्ध गराइएको अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक सङख्या अपर्याप्त छ। विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत यी पदहरूलाई स्थायी पदमा रूपान्तरण गर्नु आवश्यक छ। भौतिक सुविधा, प्रयोगशालालगायतका कारण पहुँचमा सुधार आएको भएतापनि ठुलो सङ्ख्यामा विद्यालयहरूमा यी सुविधा पुर्याउन बाँकी नै छ।

विद्यालयबाहिर रहेका माध्यमिक विद्यालय उमेरका बालबालिकाहरू विशेष गरी कमजोर सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, दलित समुदायका किशोरी, सीमान्तकृत/दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा उनीहरूलाई टिकाइराख्ने कार्य चुनौतीपूर्ण छ।

निरन्तर कमजोर विद्यार्थी सिकाइ उपलब्धि माध्यमिक तहमा प्रमुख चुनौतीको रूपमा रहेको छ। आवश्यक सिकाइ तथा सिप र सिकाइका लागि उपयुक्त भौतिक तथा शैक्षिक वातावरणबिना नै विद्यार्थीहरू माध्यमिक शिक्षामा स्थानान्तरण हुन्छन्। माध्यमिक विद्यालयहरूमा सक्षम तथा योग्य विषय शिक्षकहरूको आवश्यक सङ्ख्यामा व्यवस्था गर्न सकिएको छैन।

यस पालिकामा जम्मा सञ्चालित ४७ विद्यालयमध्ये सामुदियक विद्यालय संख्या ४४ रहेको छ । माध्यमिक तह सञ्चालन हुने विद्यालय संख्या ९ रहेको छ । पालिकाको माध्यमिक शिक्षासंग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

माध्यामिक शिक्षाको वर्तमान अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३.४

| सि.नं. | विवरण | सामुदयिक | कैफियत |
|---|---|---|---|
| १. | माध्यमिक विद्यालय सङ्ख्या | ९ | |
| २. | विद्यार्थी सङ्ख्या (९-१२) | ११२४ | |
| ३. | विद्यालय र विद्यार्थी अनुपात | ९:११२४ | |
| ४. | कुल भर्नादर (९-१०) | ८७.६ | |
| ५. | खुद भर्नादर(९-१०) | ७८.२ | |
| ६. | कुल भर्नादर (९-१२) | ६५.९ | |
| ७. | खुद भर्नादर(९-१२) | ५१.४ | |
| ८. | कक्षा १० पूरा गर्ने दर | ४० | प्रतिशत |
| ९. | कक्षा १० को टिकाउदर | ८५ | प्रतिशत |
| १०. | शिक्षक विद्यार्थी अनुपात (९-१२) | ५० | प्रतिशत |
| ११. | विद्यालयबाहिर रहेको माध्यमिक तह उमेर समूह प्रतिशत | ३ | प्रतिशत |
| १२. | कक्षा दोहोर्‍याउने दर (९-१०) | ३.३ | प्रतिशत |
| १३. | कक्षा छाड्ने दर (९-१२) | ४.२ | |
| १४. | ३० दिनको तालिम प्राप्त माध्यमिक शिक्षक सङ्ख्या | २ | |

स्रोत : EMIS 2080

माथिका तालिकाबाट हेर्दा यस निसीखोला गाउँपालिकामा सामुदायिक विद्यालय अन्तर्गत ९ वटा माध्यमिक विद्यालयहरु रहेका छन् । माध्यमिक तहमा कुल विद्यार्थी सङ्ख्या ११२४ जना रहेका छन् । विद्यालय र विद्यार्थीको अनुपात ९११२४ रहेको छ । कक्षा ९-१२ को कुल भर्नादर ६५.९ रहेको छ भने खुद भर्नादर ५१.४ रहेको छ । यस्तै कक्षा ९—१० मा कुल भर्नादर ८७.६ प्रतिशत र कक्षा ९—१० को खुद भर्नादर ७८.२ प्रतिशत रहेको छ । यस तालिकामा हेर्दा विद्यार्थीहरु विद्यालयमा भर्ना हुने र विद्यालय छाड्ने प्रवृति रहेको देखिन्छ ।

उल्लिखित विश्लेषणका आधारमा माध्यमिक शिक्षाको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

१. निःशुल्क माध्यामिक शिक्षामा सबै वालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. सबै विद्यालयहरूमा न्यूनतम तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु ।
३. शिक्षकलाई सिकाइप्रति जिम्मेवार र नवीन प्रविधि तथा परिवर्तनप्रति उत्साहित बनाउनु ।
४. सबै माध्यमिक विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधारसहित आकर्षक सिकाइ वातावरण विकास गर्नु ।
५. शिक्षा क्षेत्रमा संस्थागत सुशासन तथा जवाफदेहिता कायम गर्नु ।
६. माध्यमिक तहमा कक्षा छाड्ने र दोहोऱ्याउने दरलाई शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु ।
७. उपयुक्त पूर्वाधारको विकास र गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु ।
८. शिक्षक पेशागत प्रणालीको विकास गर्नु ।
९. विद्यार्थीको विद्यालय छाड्ने दरलाई न्युनिकरण गर्नु ।
१०.कम उमेरमा विवाह गर्ने दरलाई घटाउनु ।

३.४.३ उद्देश्य

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने ।
३. विद्यालयको भौतिक एवं शैक्षिक वातावरण बालमैत्री, अपाङमैत्री, समावेशी, सिकाइ मैत्री र सुरक्षित बनाउने ।
४. माध्यमिक तहको प्रशासनिक र व्यवस्थापकीय पक्षमा सुधार ल्याउने ।
५. माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुनिश्चित गर्ने ।
६. माध्यमिक तह उमेर समूहका बालबालिकाका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसर सुश्चित गर्नु ।
७. विद्यार्थीको विद्यालय छाड्ने दरलाई न्युनिकरण गर्नु ।
८. कम उमेरमा विवाह गर्ने दरलाई घटाउनु ।

## ३.४.४ रणनितिहरू

उपरोक्त उद्देश्यहरू हासिल गर्नका निम्ति निम्न रणनीतिहरू अपनाइने छ :

१. निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच पुऱ्याउने।

२. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाका साथै विपन्न, सुविधा विहीन, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीलाई सुदृढ बनाउने।

३. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार आवासीय वा गैरआवासीय सुविधासहितको समावेशी वा विशेष सिकाइको प्रबन्ध गर्ने।

४. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने।

५. राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्न प्रयोगात्मक अभ्यास, परियोजना कार्य तथा सामुदायिक कार्य समावेश गर्ने ।

६. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गर्ने र मापदण्डअनुसार विज्ञान र गणित विषयमा आवश्यक सङ्ख्यामा योग्य र सक्षम शिक्षक व्यवस्था गर्ने ।

७. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने र विद्यालयलाई गुणस्तरीय पानी, सरसफाइ, महिनावारी व्यवस्थापन सुविधालगायतका स्वास्थ्य सुविधा तथा विज्ञान तथा सूचना प्रविधिसहित सिकारुमैत्री बनाउने।

८. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जबाफदेहिता सुनिश्चत गर्ने र सुधारका क्षेत्र पहिचान गर्ने।

९. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइका लागि वैकल्पिक व्यवस्था गर्ने।

१०.पातला बस्ती र जनसङ्ख्या कम भएका दुर्गम तथा हिमाली क्षेत्रमा एकीकृत आावासीय प्रबन्धसमेत गरी माध्यमिक शिक्षाको पहुँच र सहभागिता सुनिश्चित गर्ने।

११.शैक्षिक निकायको शासकीय पद्धतिमा सुधार गरी विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाउन विद्यालयहरुको व्यवस्थापकीय क्षमतामा सुधार गर्ने।

१२. माध्यमिक तह उमेर समूहका बालबालिकाका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका अवसर सुश्चित गर्ने ।

१३. विद्यार्थीको विद्यालय छाड्ने दरलाई न्युनिकरण गर्ने ।

१४. कम उमेरमा विवाह गर्ने दरलाई घटाउने ।

## ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

## (क) उपलब्धि

१. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने।

२. सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने।

३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धि जस्ता सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने।

## (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ७६० | ७७० | ७८० | ७९० | ८०० | ८२० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ३१५ | ३२५ | ३४५ | ३५५ | ३६५ | ३८५ |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | ० | ५ | १० | २० | ३० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ६ | ० | ७ | ८ | ९ | ० |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य | |
| १. | शिक्षक दरबन्दी मिलान | पटक | ० | १ | ० | ० | १ | २ | समायोजन कार्यविधी |
| २. | निःशुल्क माध्यमिक शिक्षाका लागि अवश्यक कानुन, कार्यविधी र निर्देशिका तयारी | पटक | १ | ० | ० | ० | ० | १ | नीति नियमका कार्यविधि |
| ३. | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | भर्ना अभियान प्रतिवेदन |
| ४. | प्रति विद्यार्थी अनुदान (PCF) | संख्या | | निरन्तर | | | | | |
| ५. | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | संख्या | २ | ५ | ५ | ५ | ५ | २२ | विद्यालय प्रस्तावना तथा पालिका बजेट |
| ६. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | | ३ | ३ | ३ | ३ | ३ | १५ | निकासा प्रतिवेदन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | शिक्षक क्षमता विकास कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | तालिम |
| ८. | छात्रवृत्ति कार्यक्रम | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | निकासा प्रतिवेदन |
| ९. | शिक्षक सहायता प्रणालीको पूनर्संरचना | संख्या | १ | १ | १ | १ | १ | ५ | विषयगत समितिको बैठक |
| १०. | अपाङ्गता भएका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | अपाङ्गता तथ्याङ्क |
| ११. | कक्षाकोठामा आधारित मूल्याङ्कन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १२. | व्यवस्थित परीक्षा प्रणाली प्रयोगात्मकमा जोड | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १३. | अभिभावक अभिमुखीकरण र सहभागिता | | ३ | ३ | ३ | ३ | ३ | १५ | अभिभावक बैठक प्रतिवेदन |
| १४. | लक्षित बालबालिकाहरूका लागि आवाशीय प्रबन्ध | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | प्रतिवेदन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५. | अवश्यकताअनुसार खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक सिकाइको प्रवन्ध मिलाउने | | १ | १ | १ | १ | १ | ५ | |
| १६. | सुत्केरी शिक्षक सट्टा तथा स्वयंसेवक शिक्षक परिचालन | सङ्ख्या | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | | विद्यालयको मागका आधारमा |
| १७. | पालिकामा खेल तथा सास्कृतिक शिक्षकको व्यवस्थापन | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रतिवेदन |
| १८. | माध्यमिक विद्यालयका लागि यातायातको व्यवस्था | सङ्ख्या | ० | १ | ० | ० | १ | २ | |
| १९. | कृषि तथा पशुपालन व्यवसाय शिक्षा विस्तार | विद्यालय | १ | ० | ० | ० | ० | १ | |
| २०. | दलित, गरिब तथा सिमान्तकृत बालबालिका लागि छात्रवृत्ति र आवसीय सुविधा | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| २१. | अभिभावक घरदैलो कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२. | सूचना प्रविधिको विकास | विद्यालय | १ | २ | २ | २ | २ | ९ | |
| २३. | माध्यमिक विद्यालयमा लेखापाल दरबन्दीको व्यवस्था | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य आर्थिक वर्ष | | | | | | दर हजारमा | हजारमा समायोजना | बजेट हजारमा | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | शिक्षक दरबन्दी मिलान | पटक | ० | १ | ० | ० | १ | २ | 100 | 200 | 0 | 100 | | | 100 | 200 | 200 | 0 | 0 | 0 |
| २ | नि:शुल्क माध्यमिक शिक्षाका लागि अवश्यक कानुन, कार्यविधी र निर्देशिका तयारी | पटक | १ | ० | ० | ० | ० | १ | 300 | 300 | 0 | 300 | 0 | 0 | 0 | 300 | 0 | | 300 | 0 |
| 3 | सबै बालबालिकाको पहुँच | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | 5 | 100 | 500 | 100 | 100 | 100 | 100 | 100 | 500 | 200 | | 300 | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुनिश्चित गर्न विद्यार्थी भर्ना अभियान सञ्चालन | | | | | | | | | | | | | | | | | | | |
| 4 | प्रति विद्यार्थी अनुदान (PCF) | | | निरन्तर | | | | | 800 | 4000 | 800 | 800 | 800 | 800 | 800 | 4000 | 4000 | 0 | 0 | 0 |
| 5 | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | संख्या | 2 | 5 | 5 | 5 | 5 | 22 | 100 | 2200 | 200 | 500 | 500 | 500 | 500 | 2200 | 1500 | 200 | 300 | 200 |
| 6 | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | | 3 | 3 | 3 | 3 | 3 | 15 | 100 | 1500 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 1000 | 300 | 200 | 0 |
| ७ | शिक्षक क्षमता विकास कार्यक्रम | पटक | 2 | 2 | 2 | 2 | 2 | 10 | 150 | 1500 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 800 | 300 | 300 | 100 |
| 8 | छात्रवृत्ति कार्यक्रम | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | 100 | 500 | 100 | 100 | 100 | 100 | 100 | 500 | 500 | 0 | 0 | 0 |
| 9 | शिक्षक सहायता प्रणालीको पूनर्संरचना | संख्या | 1 | 1 | 1 | 1 | 1 | 5 | 50 | 250 | 50 | 50 | 50 | 50 | 50 | 250 | 0 | 0 | 250 | 0 |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **10** | **अपाङ्गता भएका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग** | **पटक** | **1** | **1** | **1** | **1** | **1** | **5** | **100** | **500** | **100** | **100** | **100** | **100** | **100** | **500** | **500** | | | |
| **११** | **कक्षाकोठामा आधारित मूल्याङ्कन** | | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **5** | **600** | **3000** | **600** | **600** | **600** | **600** | **600** | **3000** | **2000** | | **1000** | |
| **१२** | **व्यवस्थित परीक्षा प्रणाली प्रयोगात्मकमा जोड** | | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **5** | **300** | **1500** | **300** | **300** | **300** | **300** | **300** | **1500** | **1500** | | | |
| **१३** | **अभिभावक अभिमुखीकरण र सहभागिता** | | **3** | **3** | **3** | **3** | **3** | **15** | **100** | **1500** | **300** | **300** | **300** | **300** | **300** | **1500** | **0** | **0** | **1000** | **500** |
| **१४** | **लक्षित बालबालिका हरूका लागि आवाशीय प्रबन्ध** | | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **निरन्तर** | **2** | **600** | **1200** | | **300** | **300** | **300** | **300** | **1200** | | | **1200** | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | अवश्यकताअनुसार खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक सिकाइको प्रवन्ध मिलाउने | | **1** | **1** | **1** | **1** | **1** | **5** | **100** | **500** | **100** | **100** | **100** | **100** | **100** | **500** | | | **500** | |
| १६ | सुत्केरी शिक्षक सट्टा तथा स्वयंसेवक शिक्षक परिचालन | सङ्ख्या | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | **1** | **300** | **1500** | **300** | **300** | **300** | **300** | **300** | **150 0** | | | **1500** | |
| १७ | पालिकामा खेल तथा सास्कृतिक शिक्षकको व्यवस्थापन | सङ्ख्या | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | **1** | **300** | **1500** | **300** | **300** | **300** | **300** | **300** | **150 0** | | | **1500** | |
| १८ | माध्यमिक विद्यालयका लागि यातायातको व्यवस्था | सङ्ख्या | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** |
| १९ | कृषि तथा पशुपालन व्यवसाय शिक्षा विस्तार | विद्यालय | **1** | **1** | **1** | **1** | **1** | **1** | **600** | **3000** | **600** | **600** | **600** | **600** | **600** | **300 0** | **300 0** | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | दलित, गरिब तथा सिमान्तकृत बालबालिका लागि छात्रवृत्ति र आवसीय सुविधा | विद्यालय | 9 | 9 | 9 | 9 | 9 | 9 | 50 | 2250 | 450 | 450 | 450 | 450 | 450 | 2250 | 1000 | 250 | 1000 | |
| २१ | अभिभावक घरदैलो कार्यक्रम | पटक | | 1 | 1 | 1 | 1 | 5 | 90 | 450 | 90 | 90 | 90 | 90 | 90 | 450 | | | 450 | |
| २२ | सूचना प्रविधिको विकास | विद्यालय | 1 | 2 | 2 | 2 | 2 | 9 | 600 | 5400 | 600 | 1200 | 1200 | 1200 | 1200 | 5400 | 2400 | 600 | | 2400 |
| २३ | माध्यमिक विद्यालयमा लेखापाल दरबन्दीको व्यवस्था | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | 3 | 300 | 1500 | 300 | 300 | 300 | 300 | 300 | 1500 | 1500 | | | |
| | जम्मा | | | | | | | | 5840 | 34750 | 5890 | 7490 | 7090 | 7090 | 7190 | 34750 | 20100 | 1650 | 9800 | 3200 |

# ३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

## ३.५.१ परिचय

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गरिन्छ। प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्रहरू छन्। माध्यमिक शिक्षाअन्तर्गतका प्राविधिक धारका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा प्रदायक संस्थाहरूद्वारा एसईई पश्चात् तीन वर्षे प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन गरिरहेका छन्। जसले श्रमबजारको मागबमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्दछन्। यस योजनामा कक्षा ९-१२ को प्राविधिक धारका कार्यक्रम समेटिएको छ ।

नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यून मध्यमस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्दछ ।

## ३.५.२ वर्तमान अवस्था

**प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा पहुँचको अवस्था**

यस निसिखोला गाउँपालिकामा १ वटा मात्र सामुदायिक विद्यालयमा साधारण र प्राविधिक धारको पढाइ सञ्चालन भएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको साझेदारीमा पढाइ सञ्चालन भएको छ । गाउँपालिकामार्फत विभिन्न सिपमूलक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएको भएतापनि अन्य संघसंस्थाबाट व्यावसायिक तालिम उल्लेख्य मात्रामा सञ्चालन भएको अवस्था छैन ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर पूर्वाधार, श्रम बजारअनुसारको विषयक्षेत्र, सान्दर्भिकता, जनशक्ति, पाठ्यक्रम, लगानी जस्ता कुरामा निर्भर हुन्छ । श्रमबजार सूचना प्रणालीको अभावमा बजारको आवश्यकता यकिन हुन सकेको छैन । प्राविधिक शिक्षाको व्यवस्थापन साधारण शिक्षाभन्दा धेरै महँगो पर्ने र शिक्षामा विनियोजित बजेटबाट अपेक्षित रूपमा प्राविधिक जनशक्ति उत्पादन गर्न गराउन कठिनाइ छ । प्राविधिक शिक्षा कार्यक्रमको विषयक्षेत्र र सम्भाव्यताका सम्बन्धमा भरपर्दो अनुसन्धानको कमीले प्राविधिक र व्यावसायिक शिक्षा एवम् तालिमको विस्तार व्यवस्थित हुन सकिरहेको छैन । प्रशिक्षकहरूको निरन्तरता र प्रशिक्षणसम्बन्धी दक्षताको कमीका साथै उल्लेख्य मात्रामा विद्यार्थी भर्ना गर्न नसक्दा पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा प्रभावकारी नतिजा हासिल हुन सकिरहेको देखिँदैन भने भूगोल र जानसाङ्ख्यिक बनोटका कारणबाट पनि यसको विस्तारमा समस्या रहको देखिन्छ ।

उल्लिखित विश्लेषणका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सिप विकासका कार्यक्रमका लागि स्रोत व्यवस्था र परिचालनका स्पष्ट आधार तय गर्नु ।
- समुदायको पहुँचमा प्राविधिक तथा व्यावसायिक विषयको विद्यालयमा पढाई सञ्चालन गर्नु ।
- गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच अभिबृद्धि गर्नु ।
- आवश्यकता र सम्भाव्यताका आधारमा सिप विकासका प्राथमिक विषय पहिचान गरी सञ्चालन गर्नु ।
- विपन्न तथा पछाडि परेका वर्ग समुदायका युवाहरूलाई सहुलियतपूर्ण प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसर उपलब्ध गराउनु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका पूर्वाधार तथा प्रयोगात्मक कार्यको उचित व्यवस्थापन गर्नु ।
- श्रमबजारको माग र आपूर्तिको अवस्थाका आधारमा कार्यक्रम सञ्चालन गर्नु ।

## ३.५.४ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
४. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा अन्य एक विद्यालयमा थप गर्नु ।

## ३.६.५ रणनीति

१. नक्शांकनका आधारमा विषयगत र संस्थाको संख्या निर्धारण गर्ने ।
२. प्राविधिक शिक्षा प्राप्त गर्नका लागि कक्षा १० पछि कम्तीमा तीन वर्षको माध्यमिक प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
३. प्राविधिक धारको परिमार्जित पाठ्यक्रमलाई श्रम बजारलाई ध्यानमा राखी कार्यान्वयन गर्ने तथा विद्यालयमा आवश्यक पूर्वाधार र उपयुक्त शिक्षकको व्यवस्था गर्ने।
४. राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षा बीच गतिशीलता र पारगम्यता सुनिश्चित हुने गरी समतलीय तथा लम्बीय सम्बन्ध विकास गर्ने।
५. दक्ष जनशक्ति टिकाउका लागि नीतिगत व्यवस्था मिलाउने ।
६. प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा अन्य एक विद्यालयमा थप गर्ने ।

## ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

## (क) उपलब्धि

१. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने।

## (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नक्शांकनका आधारमा प्राविधिक धारका विद्यालय संचालित विद्यालय | १ | ० | ० | ० | ० | २ |
| २ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी संख्या | ३५ | ३५ | ४५ | ६० | ८० | १०० |
| ३ | व्यावसायिक तालिममा सहभागी संख्या | ० | ० | २० | ३० | ४० | ५० |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | ५ | अनुगमन प्रतिवेदन |
| २. | अवश्यकता पहिचान गरी कृषि, भेट, इन्जिनियरिङका कक्षाहरू थप (भेलाबाट टुङ्ग्याउने) | पटक | | १ | | | १ | २ | अध्ययन प्रतिवेदन |
| २. | छोटो अवधिका सिप**मूलक** तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | तालिम प्रतिवेदन |
| ३. | विपन्न छात्रवृत्ति वितरण | सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | २२ | निकासा प्रतिवेदन |
| ४. | स्थानीय स्तरमा रहेका प्ररम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | अध्ययन प्रतिवेदन |
| ५. | शिक्षक, प्रशिक्षक व्यवस्थापन | सङ्ख्या | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | | अध्ययन प्रतिवेदन |
| ६. | शिक्षक क्षमता विकास कार्यक्रम | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | तालिम प्रतिवेदन |
| ७. | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | प्रतिवेदन तथा अनुगमन |

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ८. | खोज तथा नवपर्वतात्मक कार्यलाई प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | प्रतिवेदन |
| ९. | वैदेशिक रोजगारबाट हासिल गरेका अनुभव, सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम (घरधुरी सर्वेक्षण, CLC बाट प्रवर्धन) | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | प्रतिवेदन |
| १० | उत्पादित जनशक्तिलाई उद्यमशीलताको लागि सहयोग | जना | ५ | १० | १५ | १५ | २० | ६५ | वडा कार्यलायको प्रतिवेदन |
| ११ | प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा अन्य एक विद्यालयमा थप | संख्या | १ | ० | ० | ० | ० | १ | |

## (घ) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य र बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | दर हजारमा | हजारमा समायोजना | बजेट हजारमा | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | | | | | | | | | | |
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 400 | 2000 | *400* | *400* | *400* | *400* | *400* | 2000 | 1500 | 500 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | | | | | | | | | | | | | | |
| २ | अवश्यकता पहिचान गरी कृषि, भेट, इन्जिनियरिङका कक्षाहरू थप (भेलाबाट टुङ्ग्याउने) | पटक | | 1 | | | 1 | 2 | 5000 | ### | | 5000 | | | 5000 | ### | 5000 | 5000 | 0 | 0 |
| २ | छोटो अवधिका | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 2000 | 1000 | 200 | 200 | 200 | 200 | 200 | 1000 | 500 | 200 | 200 | 100 |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिपमूलक तालिम सञ्चालन | | | | | | | | | | | | | | | | | | | |
| ३ | विपन्न छात्रवृत्ति वितरण | सङ्ख्य | 2 | 5 | 5 | 5 | 5 | 22 | 10 | 220 | 20 | 50 | 50 | 50 | 50 | 220 | 220 | | 0 | |
| ४ | स्थानीय स्तरमा रहेका प्रम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा | | 1 | 1 | 1 | 1 | 1 | 5 | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रवर्धन कार्यक्रम | | | | | | | | | | | | | | | | | | | |
| ५ | शिक्षक, प्रशिक्षक व्यवस्थापन | सङ्ख्य | | | | | | | 50 | 250 | 50 | 50 | 50 | 50 | 50 | 25<br>0 | 10<br>0 | | 15<br>0 | |
| ६ | शिक्षक क्षमता विकास कार्यक्रम | सङ्ख्य | 3 | 3 | 3 | 3 | 3 | 15 | 30<br>0 | 450<br>0 | 900 | 900 | 900 | 900 | 900 | 45<br>00 | 15<br>00 | 15<br>00 | 50<br>0 | 10<br>00 |
| ७ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि | सङ्ख्य | 10 | 10 | 10 | 10 | 10 | 50 | 10 | क़ | 100 | 100 | 100 | 100 | 100 | 50<br>0 | | | 50<br>0 | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग | | | | | | | | | | | | | | | | | | | |
| ८ | खोज तथा नवपर्वतात्मक कार्यलाई प्रोत्साहन | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 20 | 1000 | 200 | 200 | 200 | 200 | 200 | 1000 | | | 1000 | |
| ९ | वैदेशिक रोजगारबाट हासिल गरेका अनुभव, सिपको खोजी, प्रमाणीकरण | सङ्ख्या | 10 | 10 | 10 | 10 | 10 | 50 | 10 | 500 | 100 | 100 | 100 | 100 | 100 | 500 | 200 | 200 | 100 | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा उपयोग सम्बन्धी कार्यक्रम (घरधुरी सर्वेक्षण, CLC बाट प्रवर्धन) | | | | | | | | | | | | | | | | | | | |
| १० | उत्पादित जनशक्तिलाई उद्यमशीलताको लागि सहयोग | जना | 5 | 10 | 15 | 15 | 20 | 65 | 10 | 650 | 50 | 100 | 150 | 150 | 200 | 650 | 300 | 50 | 300 | |
| १ | प्राविधिक | सं | 1 | 0 | 0 | 0 | 0 | 1 | 800 | 800 | 800 | | | | | 800 | 400 | | | 400 |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा तथा व्यवसायिक शिक्षा अन्य एक विद्यालयमा थप | ख्या | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | 1200 | 7700 | 2200 | 1450 | 1500 | 1500 | 1550 | 8200 | 2500 | 1750 | 2550 | 1400 |

## ३.६ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

### ३.६.१ परिचय

सिकाइ जीवनपर्यन्त चल्ने प्रक्रिया हो। यसका लागि सिकाइका औपचारिकका अतिरिक्त अनौपचारिक तरिकाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्तिक तथा सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञान, सिप तथा सक्षमताहरूको विकास गर्छ। सिकाइ समय, विधि वा माध्यममा मात्र सीमित हुन हुँदैन। जीवनपर्यन्त शिक्षा औपचारिक शिक्षा पद्धतिभन्दा भिन्न प्रकृतिको हुन्छ। विगतका दशकहरूमा औपचारिक शिक्षा पद्धति बाहिर/सँगै सिकाइलाई सहजीकरण गर्न धेरै प्रकारका कार्यक्रमहरू स्थापित भएका छन्।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेसागत तथा व्यावसायिक सिपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ। यस उपक्षेत्रले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको प्रवर्धन गर्ने रणनीति, प्रतिफल तथा कार्यक्रम प्रस्तुत गर्छ। यसले विद्यालय प्रणाली छोड्ने बालबालिका तथा किशोर किशोरीहरूका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्छ।

नेपालको संविधानले सुनिश्चित गरेको  शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त तथा दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा सँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । नेपालको विद्यालय क्षेत्र योजनामा नेपालमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवस्था विश्लेषण गरी यसका चुनौतीहरुको पहिचान गरिएको छ । ती चुनौतीहरुको सामना गर्दै अनौपचारिक शिक्षालाई मानव जीवनको एक अभिन्न अंगको रुपमा आत्मसात गरी मानव जीवनलाई सहज र परिष्कृत बनाउन यसबाट ठूलो योगदान हुनेछ भन्ने अपेक्षा लिइएको छ ।

### ३.६.२ वर्तमान अवस्था

विक्रम सम्बत २०७८ को जनगणना अनुसार    निसीखोला गाउँपालिकाको साक्षरता दर ७२ प्रतिशत रहेको छ । साक्षरमध्ये महिलाको साक्षरता दर ६५.६ रहेको छ । पुरूषको तुलनामा महिला साक्षरता दर कम रहेको छ । साथ १५ वर्ष देखि २४ वर्षको साक्षरता दर ९५ प्रतिशत रहेको छ ।

शैक्षिक तथ्याङ्क २०८० का अनुसार यस पालिकाको  आधारभूत तहको खूद भर्ना दर ९५.७ रहेको छ । यसले अझै पनि ४.३ बालबालिकाहरु विद्यालय वाहिर रहेको देखिन्छ । हाल ४५ वटा खुला विद्यालय, १ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । खुला तथा अनौपचारिक विद्यालयबाट नियमित विद्यालय भर्ना हुन समस्या रहेका बालवालिका तथा युवाहरुका लागि शिक्षा प्राप्त गर्ने अवसर सिर्जना भएको छ ।

विविध कारणबाट विद्यालय भर्ना हुन नसकेका बालबालिका तथा पढन चाहने युवाहरुको पहिचान गरी उनीहरुको आवश्यकता अनुसारको शैक्षिक कार्यक्रम सञ्चालन गर्न चुनौतीपूर्ण रहेको छ ।

## ३.६.३ उद्देश्य

१. नेपालका सबै युवा तथा प्रौढहरूलाई साक्षरताको सिप प्रदान गर्नु।

२. कार्यमूलक साक्षरता, खुला तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको विस्तार तथा विविधीकरण गर्नु।

३. सिकाइ स्थानीय परिवेश र संस्कृति सान्दर्भिक भएको सुनिश्चित गर्न अनौपचारिक शिक्षा, जीवनपर्यन्त तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु।

## ३.६.४ रणनीति

१. साक्षर नेपाल अभियान पूरा गर्न सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गर्ने।

२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागीमैत्री सामग्री तथा विधिसमेतका आधारमा पहुँचको अभिवृद्धि गर्ने।

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

४. सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्ने।

५. साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न बनाई समावेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइ थलोका रूपमा विकास गर्ने।

६. सार्बजनिक पुस्तकालयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गरी सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गर्ने।

७. अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गर्ने।

८. तीनै तहका सरकार तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा समुदायमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, वन तथा वातावरणसम्बन्धी संस्थाहरू एवम् जनशक्तिका लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गर्ने नीति निर्माण गर्ने।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

#### (क) उपलब्धि

१. सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुनुका साथै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने।

#### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर पालिका घोषणा | | | | १ | | |
| २ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी खण्डीकृत डाटाबेस | | | १ | | | |
| ३ | सामुदायिक सिकाइ केन्द्र | १ | १ | | | | |

#### (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन। | पटक | ० | २ | २ | २ | २ | ८ | | |
| २ | जीवनपर्यन्त सिकाइसम्बन्धी सरोकारवालाहरूको खण्डीकृत डाटाबेस तयारी। | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सबलीकरण र सञ्चालन। | पटक | १ | | - | - | - | १ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक केन्द्रमा संयोजक तथा सहयोगीको व्यवस्था र क्षमता विकास। | पटक | १ | १ | १ | १ | १ | १ | | |
| ५ | स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी तथा सहकार्यको स्वरूप तयारी। | पटक | १ | १ | १ | १ | १ | १ | | |

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य आर्थिक वर्ष | | | | | | दर हजारमा | हजारमा समायोजना | बजेट हजारमा | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ वर्षको जम्मा | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८/८४ | २०८५/८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन । | पटक | ० | २ | २ | २ | २ | ८ | ५० | ४०० | ० | १०० | १०० | १०० | १०० | ४०० | २०० | १०० | १०० | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | जीवनपर्यन्त सिकाइसम्बन्धी सरोकारवालाहरूको खण्डीकृत डाटाबेस तयारी। | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | | | २५० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सबलीकरण र सञ्चालन। | पटक | १ | | - | - | - | १ | ५०० | ५०० | ५०० | ० | ० | ० | ० | ५०० | ५०० | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक केन्द्रमा संयोजक तथा सहयोगीको व्यवस्था र क्षमता विकास। | पटक | १ | १ | १ | १ | १ | १ | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी तथा सहकार्य को स्वरूप तयारी। | पटक | १ | १ | १ | १ | १ | १ | १०० | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ३०० | २०० | १०० | |
| जम्मा | | | | | | | | | ७५० | १९०० | ७०० | ३०० | ३०० | ३०० | ३०० | १९०० | १२५० | ३०० | ४५० | ० |

# परिच्छेद चारः अन्तरसम्बिन्धत विषय क्षेत्रहरू

यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिषा तथा जीवनपर्यन्त सिकाइमा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण अन्तरसम्बन्धित  विषय क्षेत्रका रणनीति तथा कार्यक्रमहरु रहेका छन् । यी विषय क्षेत्र निम्नअनुसार छन्- (क) पाठ्यक्रम तथा मूल्याङ्कन (ख) शिक्षक विकास तथा व्यवस्थापन (ग) समता तथा समावेशिता (घ) विद्यालय सुरक्षा तथा आपतकालीन शिक्षा (ङ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (च) विद्यालयको पूर्वाधार विकास। साथै विद्यार्थीको समग्र सर्वाङ्गीण विकासका लागि महत्त्वपूर्ण विषयहरू, जस्तैः दिवा खाजा, पोषण, स्वास्थ्य, सुरक्षित पानी तथा सरसफाइ, सुरक्षाको विस्तृत रूपमा चर्चा गरिएको छ। यी विषय क्षेत्रका विद्यमान अवस्था, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि तथा यसको नतिजा तथा लक्ष्य प्राप्तिका लागि अपनाउनुपर्ने क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ।

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रमले बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ। राम्रो पाठ्यक्रमले सैद्धान्तिक/प्राज्ञिक र व्यावहारिक पक्षबिच सन्तुलन कायम राख्छ। यसले विषयवस्तु मात्र नभई सिप तथा सक्षमताको समेत विकास गर्छ। उपयुक्त प्रकारको शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरूको ज्ञान, सिप, अभिवृद्धि गर्न सहयोग गर्छन्। पाठ्यक्रमले शिक्षकलाई बालबालिकाहरू जानकारी सहित, सक्रिय भई समाजमा वा सामाजिक प्रक्रियामा सहभागी हुन तयार छन् भन्ने कुरामा सुनिश्चित हुन दिशानिर्देश गर्छ। यसले अर्थपूर्ण रोजगारी, आर्थिक कार्यमा संलग्नता सहित दिगो रूपमा जीविकोपार्जन गर्न अगुवाइ गर्छ। पाठ्यक्रमले विविध सामाजिक बनोट तथा संस्कृतिको संरक्षण गर्दै महिला, बालिका र सङ्कटापन्न एवम् सुविधाविहीन समुदायका लागि गलत संस्कार तथा परम्परा रूपान्तरण गर्न मद्दत गर्छ।

### ४.१.२ वर्तमान अवस्था

नेपालमा विसं २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरुसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षा मार्गदर्शक दस्तावेजको रुपमा विसं २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप (National Curriculum Framework - NCF) तयार गरी सोहि अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटीको

सुरुवात गरियो । यसै क्रममा विसं २०७६  मा नयाँ पाठ्यक्रम प्रारुप तयार भई सोको कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी विसं २०७७ सालदेखि कक्षा १ र ११ मा कार्यान्वयन शुरु भएको छ भने वि सं २०८० साल सम्ममा विद्यालय तहका सबै कक्षाहरु अर्थात कक्षा १ देखि १२ सम्म विद्यालय स्तरीय नयाँ पाठ्यक्रम कार्यान्वयन गर्ने योजना रहेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुपको पाठ्यक्रममा कतिपय नयाँ विषय क्षेत्र तथा विषयवस्तुहरु समावेश वर्तमान अवस्थामा उपयोगी नभएका विषयवस्तुलाई परिमार्जन तथा प्रतिस्थापन र शिक्षण सिकाइका विकशित तथा नवीनतम् दृष्टिकोण विधि तथा तरिकाहरुको पहिचान गरिएको छ ।पाठ्यक्रमलाई समयसापेक्ष बनाउने प्रयास स्वरुप कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरु समावेश हुनेगरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको आधारभूत तहमा स्थानीय कला संस्कृति भाषा इतिहास परम्परागत सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तह स्वयमले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासंभव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ३० प्रतिशत सम्म  भारको प्रयोगात्मक कार्य परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकतानुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सीपका रुपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रुपमा प्रयोगलाई विस्तार गर्ने  विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको  अभिन्न अंगका रुपमा सिकाइ सुधारका लागि  निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिइएको छ ।

विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार ३२ पाठ्यघण्टा (Credit hour) मा निर्धारित गरिएको छ। विद्यार्थी मूल्याङ्कनको नतिजालाई  अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ का आधारमा निर्माण गरिएको नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि  थप तयारी तथा शिक्षकको  क्षमता विकास गरिनु आवश्यक छ । यसका लागि शिक्षकको तयारी क्षमता विकासको अवसर उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना स्थानीय लगागत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा  सुधार तथा समायोजन गर्नु जरुरी छ ।

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम  शिक्षण सिकाइ तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

विद्यालय शिक्षण सेवामा प्रवेशका लागि तालिमको अनिवार्यता र सेवामा प्रवेश गरिसकेपछि पनि निश्चित अवधिमा शिक्षकको  पेशागत विकास (Teachers Professional Development - TPD) तालिम लिनुपर्ने प्रावधानबाट शिक्षण सिकाइ सुधारको लागि प्रयास गरिएको छ तापनि परिवर्तित पाठ्यक्रमको सन्दर्भमा शिक्षण सिकाइ कार्यको प्रभावकारिता तथा शिक्षकको तयारी विकास कार्यकुशलता र उत्प्रेरणाका पक्षमा सुधारको आवश्यकता देखिन्छ । त्रैमासिक अर्धवार्षिक र बार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ अक्षराङ्कन पद्धति अनुसार नतिजा निकाल्ने परिपाटीको शुरुवात गरी परीक्षा र मूल्याङ्कनमा पनि सुधारको शुरुवात गरिएको छ । कक्षा ८, १०, ११ र १२ मा सञ्चालन हुने वाह्य परीक्षालाई थप व्यवस्थित वैध र विश्वसनीय बनाउनु पर्ने चुनौती हाम्रो सामु छ । त्यसैगरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५ ८ र १० मा विद्यार्थीहरुको राष्ट्रिय उपलब्धि परीक्षण सम्बन्धी कार्य चरणबद्ध रुपमा भैरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षा नीति तथा कार्यक्रम सुधार गर्ने आधारका रुपमा प्रयोग गर्ने परिपाटीको विकास गर्नु जरुरी छ । विद्यालय क्षेत्र विकास योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी प्रारम्भिक कक्षाहरुमा एकीकृत ढाँचा सहित विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने गणित विज्ञान तथा अंग्रेजी विषयमा केही डिजिटल सिकाइ सामग्री तयार गर्ने पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने विद्यालय तहको शिक्षण सिकाइमा माध्यम भाषा सम्बन्धी नीतिगत स्पष्टता गर्ने प्रारम्भिक पढाइ कार्यक्रमका लागि आवश्यक सिकाइ सामग्री विकास जस्ता कार्यक्रमहरु सम्पन्न भएका छन् । त्यसैगरी जीवनपर्यन्त सिकाइ कार्यक्रमहरुको प्रमाणीकरण तथा समकक्षताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने कार्य राष्ट्रिय योग्यता प्रारुप मार्फत् व्यवस्थित गर्ने प्रस्ताव  गरिएको छ ।

निसीखोला गाउँपालिकामा हालसम्म राष्ट्रिय पाठ्यक्रम बमोजिम पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरु प्रयोगमा आइरहेको अवस्था छ । नयाँ एकीकृत पाठ्यक्रमले निर्धारण गरेबमोजिम कक्षा १ को लागु भएको र कक्षा २ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको छैन । हाल कक्षा १ स्थानीय विषयवस्तु र निसीखोलाको मौलिक विशेषता झल्कने खालको स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयनको अवस्थामा रहेको छ ।शैक्षिक सत्र २०८१ देखि लागु भएको छ।यी विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यपुस्तक नै प्रयोग गरिरहेको अवस्था छ । बेला बेलामा नयाँ पाठ्यक्रमका बारेमा शिक्षकहरुलाई प्रबोधीकरण गर्ने काम पनि भैरहेको छ । परीक्षा प्रणाली पनि पाठ्यक्रम बमोजिम नै सञ्चालन हुने गरेको छ ।पालिकास्तरीय परीक्षा कक्षा ८ को हकमा पालिकाले नै स्तरयुक्त परीक्षाको माध्यमबाट मूल्याङ्कन तथा प्रमाणीकरण गरिरहेको अवस्था छ । कतिपय विषयवस्तुमा सम्बन्धमा विशेषतः

परीक्षा र मूल्याङ्कनका विषयमा प्रदेश तालिम केन्द्रसँग पनि समन्वय र सहकार्य गरी विद्यालय तथा शिक्षकहरुलाई आवश्यकतानुसार सहजीकरण गरिरहेको अवस्था रहेको छ ।

यसरी पाठ्यक्रम तथा मूल्याङ्कनका सम्बन्धमा हालको अवस्थामा भए गरेका कार्यहरुको समीक्षा एवं विश्लेषण गर्दा यसका चुनौतीहरु निम्नानुसार रहेका छन् :

**पाठ्यक्रम तथा मूल्याङ्कनका चुनौतीहरु :**

वर्तमान पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीमा देखा परेका चुनौतीहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धतिको स्थापना र सञ्चालन ।

ख) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास

ग) सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण

घ) पाठ्यक्रम विकास र परिमार्जनमा सबै सरोकारवालाहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता

ङ) पाठ्यक्रम विकास र अध्यावधिक गर्ने कार्यलाई अनुसन्धानमा आधारित बनाउने

च) बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी छनौट, विशेषत प्रारम्भिक कक्षाहरुमा आवश्यकतानुसार मातृभाषा स्थानीय भाषा तथा बहुभाषाको प्रयोग

छ) विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन तथा समायोजन

ज) अपाङ्गता भएका बालबालिकाहरुका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरु प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्नु

झ) पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन

ञ) शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धता

ट) मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सीप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउने

ठ) योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदानमा सहजता ल्याउने

ड) सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग सहितको बैकल्पिक विधिको प्रयोग

ढ) पाठ्यक्रम विकास, परिमार्जन, कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको जवाफदेहिताको अभिवृद्धि ।

## ४.१.३ उद्देश्य

यस योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन क्षेत्रका निम्न उद्देश्यहरू तय गरिएको छ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु
२. पाठ्यक्रमलाई समय सापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध नेपाल निर्माणका लागि सक्षम सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु
३. बालबालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारीत समाजमा अनुकुलन बनाउन पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई प्रविधियुक्त बनाउनु
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषय वस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु
५. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारूमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
६. सिकारूको सिकाइ समस्याको समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु
७. सामुदायिक विद्यालयहरूमा विज्ञान तथा प्राविधिको विकासको लागि आवश्यक पूर्वाधारजन्य क्षमताको विकास गर्नु
८. सामुदायिक विद्यालयहरूमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजामा सुधार गर्नु
९. विद्यार्थीहरूलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराई सिकाइको दायरा विस्तार गर्नु
१०. पूर्वीय दर्शनमा आधारित योगा बुद्ध उपदेश प्राकृतिक चिकित्सा व्यायाम ध्यान लगायतका जीवन जीउने कलाहरुलाई समेत पाठ्यक्रमको अभिन्न अंगको रुपमा विकास गराउनु ।

## ४.१.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. प्रत्येक विद्यालयका शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधीकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरिनेछ ।
२. ज्ञानमा आधारित समाज सुचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवं शैक्षिक सामाजिक साँस्कृतिक राजनीतिक आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई समसामयिक सान्दर्भिक र व्यवहारिक बनाउँदै लगिनेछ ।
३. बालबालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारीत समाजमा अनुकुलन बनाउन पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई प्रविधियुक्त बनाइनेछ

४. राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेअनुसार विद्यालय तहको पाठ्यक्रम कार्वान्यियन गर्न शिक्षकको सक्षमता विकास गरी जिम्मेवार बनाईनेछ ।

५. राष्ट्रिय तथा स्थानीय दुवै प्रकारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संरचनात्मक तथा नीतिगत प्रबन्ध गरी कार्यावन्ययनमा ल्याईनेछ ।

६. विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

७. विपद् महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।

८. पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्रीहरु सर्वसुलभ हुने गरी डिजिटल र भौतिक रुपमा समेत सहज व्यवस्थापन गरिनेछ ।

९. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइने छ ।

१०. शिक्षण सिकाइलाई बालकेन्द्रित लैङ्गिक तथा अपाङ्गतामैत्री बनाई बालबालिकाको शैक्षिक पहुँच बढाउन सिकाइको अवसर वृद्धि गर्न पाठ्यक्रम र सिकाइ सामग्रीलाई ब्रेललिपी साँकेतिक भाषा तथा श्रव्यदृश्य सामग्रीको विकास र प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितता गरिनेछ ।

११. विद्यालयहरूलाई बैकल्पिक शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापमा क्रमशः सक्षम बनाइदै लगिनेछ ।

१२. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

१३. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सूचना तथा सञ्चार प्रविधिको उचित प्रयोग गर्न सहभागितामूलक खोजमूलक र समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगका लागि आवश्यक सहजीकरण गरिनेछ ।

१४. विद्यालयहरुमा विज्ञान प्रयोगशाला सबै विद्यालयहरुमा पुस्तकालय सूचना प्रविधि प्रयोगशाला गणित प्रयोगशाला तथा आधारभूत विद्यालयहरुमा सिकाइ कुना र प्रयोगशालाको व्यवस्थापन गरी शिक्षक तथा विद्यार्थीको सिकाइ क्षेत्र विस्तार गरी क्षमता विकास गरिनेछ ।

१५. विद्यार्थीको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई यसलाई शिक्षकको वृत्तिविकाससँग जोडिनेछ ।

१६. आधारभूत तहमा हुने स्तरीकृत परीक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।

१७. स्टेमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि बृद्धि गर्न शक्षकहरूको क्षमता विकास गरिनेछ ।

१८. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामाग्री प्रदर्शन गर्ने व्यवस्था गरिनेछ ।

१९. पूर्वीय दर्शनमा आधारित योगा बुद्ध उपदेश प्राकृतिक चिकित्सा व्यायाम ध्यान लगायतका जीवन जीउने कलाहरुलाई समेत पाठ्यक्रमको अभिन्न अंगको रुपमा विकास गराउने नीतिलाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

२०. विद्यालय तहको परीक्षा र मूल्याङ्कन प्रणालीलाई थप परिमार्जन र समयसापेक्ष बनाई क्रमश सुधार गर्दै लगिनेछ ।

## ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (क) उपलब्धि

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ४ | ४ | ६ | ७ | ८ | १० |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | ४ | ६ | ८ | १० | १२ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा शिक्षण क्रियाकलाप संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २. | पाठ्यक्रमलाई समसामायिक सान्दर्भिक र व्यवहारिक बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई प्रविधियुक्त बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४. | पाठ्यक्रम कार्यन्वयनका लागि शिक्षकको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५. | राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम कार्यन्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६. | विषयबस्तु संग सम्बन्धित सिकाई क्रियाकलाप संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७. | विपद् र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८. | पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका लगायतका शैक्षिक सामाग्रीहरु डिजिटल रुपमा उपलब्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९. | शिक्षकको पेशागत क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १०. | विभिन्न किसिमका अपांगता भएका बालबालिकाहरुका लागि उपयुक्त समावेशी पाठ्यसामाग्रिको विकास र वितरण | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ११ | बैकल्पिक शिक्षण सिकाइमा सक्षमता | पटक | २ | २ | २ | २ | २ | १० | |
| १२ | सहपाठी शिक्षण सिकाइ समूह गठन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | कार्यान्वयन वर्ष (५वर्ष) | | | | | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १३ | प्रविधिमा आधारित तालिम | पटक | २ | २ | २ | २ | २ | १० | |
| १४ | विज्ञान तथा गणित प्रोयागशाला व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | आधारभूत तहको परीक्षालाई व्यवस्थित | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | स्टेमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धि गर्न क्षमता विकास तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७ | विज्ञान तथा गणित विषयको सिर्जनात्मक सामाग्रीहरु प्रदर्शन | पटक | १ | २ | २ | २ | ३ | १० | |
| १८ | पाठ्यक्रममा समावेश भएको योगा,ध्यान, प्रणायमलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | विद्यालय तहको परीक्षा र मूल्यांकनलाई परिमार्जन र समयसापेक्ष बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य र बजेट

| क्र सं | कार्यक्रमहरू | एकाइ | भौतिक लक्ष्य आर्थिक वर्ष | | | | | | दर हजारमा | हजारमा समायोजना | बजेट हजारमा | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८।८४ | २०८५।८६ | ५ वर्षको जम्मा | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८।८४ | २०८५।८६ | ५ बर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा शिक्षण क्रियाकलाप संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ३०० | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | | | १५०० | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पाठ्यक्रमलाई समसामायिक सान्दर्भिक र व्यवहारिक बनाउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | | | २५० | |
| ३ | पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई प्रविधियुक्त बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | | २५० | | |
| ४ | पाठ्यक्रम कार्यन्वयनका लागि शिक्षकको क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | | | २५० | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम कार्यन्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | ५०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | | | |
| ६ | विषयबस्तु संग सम्बन्धित सिकाई क्रियाकलाप संचालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | | | |
| ७ | विपद् र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | | | २५० | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका लगायतका शैक्षिक सामाग्रीहरु डिजिटल रुपमा उपलब्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०० | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० | | | |
| ९ | शिक्षकको पेशागत क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २०० | १००० | २०० | २०० | २०० | २०० | २०० | १००० | ५०० | ३०० | २०० | |
| १० | विभिन्न किसिमका अपांगता भएका बालबालिकाहरुका लागि उपयुक्त समावेशी | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यसामाग्रिको विकास र वितरण | | | | | | | | | | | | | | | | | | | |
| ११ | बैकल्पिक शिक्षण सिकाइमा सक्षमता | पटक | २ | २ | २ | २ | २ | १० | ५० | २५० | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | | | |
| १२ | सहपाठी शिक्षण सिकाइ समूह गठन | पटक | ० | १ | २ | २ | २ | ७ | ५० | ३५० | ० | ५० | १०० | १०० | १०० | ३५० | | | ३५० | |
| १३ | प्रविधिमा आधारित तालिम | पटक | २ | २ | २ | २ | २ | १० | १०० | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | १००० | १००० | | |
| १४ | विज्ञान तथा गणित प्रोयागशाला व्यवस्थापन | पटक | **1** | **1** | **1** | **1** | **1** | **5** | ३०० | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ८०० | ५०० | २०० | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
